पुनर्जागरण समाज नेपालको त्रैमासिक बुलेटिन

# पुनर्जागरण सन्देश

## The Renaissance Message

वर्ष १, अंक १, फागुन-२०६३


### यस अंकका विशेष आकर्षणहरु


| | | |
|---|---|---|
| १. | अन्तरिम संविधानको समावेशी कोणबाट चिरफार | पृष्ठ २ |
| २. | पुनर्जागरण समाज नेपालको संक्षिप्त परिचय | पृष्ठ ४ |
| ३. | समावेशीकरण पृष्ठ | पृष्ठ ५ |
| ४. | राष्ट्र निर्माणमा समर्पित पुनर्जागरण समाज नेपालका १२ वर्षहरु | पृष्ठ ६ |
| ५. | महिला लोकतान्त्रिक सञ्जाल परियोजना: एक अवधारणा | पृष्ठ ९ |
| ६. | अन्तरपार्टी महिला सञ्जालहरु | पृष्ठ ११ |
| ७. | महिला लोकतान्त्रिक सञ्जालको विधान, २०६३ (मस्यौदा) | पृष्ठ १३ |
| ८. | महिला लोकतान्त्रिक सञ्जालको कार्यविधि, २०६३ (मस्यौदा) | पृष्ठ १६ |


# अध्यक्षको पत्र



सहृदयी पाठक बृन्द,

मानिसले आफ्नै परिवेश र इतिहासबाट सबैभन्दा बढी सिक्न र समाजलाई समृद्धिको दिशामा डोऱ्याउन सक्छ र यसका लागि खुल्ला मन र मस्तिष्क बोकेर अघि बढ्नुपर्छ भन्ने सन्देश युरोपमा चौधौं देखि सोह्रौं शताब्दीसम्म चलेको पुनर्जागरण आन्दोलनले दिएको थियो। पुनर्जागरणको यही मीठो र ओजीलो नामलाई काँधमा बोकेर विकासका बहुआयामिक विधाहरुमा ज्ञान र सीप सहितका नेपाली विज्ञहरुको एउटा उत्साही टीमको रुपमा हामी २०५१ सालमा अगाडि आएका थियौं- 'पुनर्जागरण समाज नेपाल' नामक गैरसरकारी संस्थाको रुपमा।

आफ्नो १२ वर्षे इतिहास निर्माणको क्रममा पुनर्जागरण समाज नेपालले देशका विभिन्न भौगोलिक क्षेत्रहरुमा जनचेतना अभिबृद्धि, गरीबी न्यूनिकरण, संस्थागत विकास, सामुदायिक संगठन निर्माण, प्राकृतिक स्रोत व्यवस्थापन र पूर्वाधार विकास, खानेपानी तथा स्वास्थ्य सरसफाई शिक्षा, अनौपचारिक शिक्षा, बचत तथा ऋण कार्यक्रम, अनुसन्धान जस्ता कार्यहरु गरेर आफूलाई चिनाउन एकस्तरको सफलता प्राप्त गरिसकेको छ। आफ्नो जीवन यात्राकै क्रममा यस संस्थाले यसै वर्ष देखि नेपालका ५० जिल्लाहरुमा महिला लोकतान्त्रिक सञ्जाल परियोजना शुरु गरेको छ। राजनीतिक दल, तिनका भगिनी संगठनहरु र राज्य संरचनाका विभिन्न अङ्गहरुमा महिला सहभागिताको संख्या र हैसियत बृद्धि गर्ने प्रमुख उद्देश्य सहित संचालित यस परियोजनाको क्रममा जिल्ला जिल्लामा अन्तरपार्टी महिला सञ्जाल गठन तथा संचालन गर्ने कार्य अभियानकै रुपमा अघि बढिरहेको छ। यी र यस्तै कुराहरुलाई तपाई आदरणीय पाठक समक्ष पस्कने उद्देश्य बोकेर यस संस्थाले 'पुनर्जागरण सन्देश' (The Renaissance Message) नामको यो मुखपत्र प्रकाशनको कार्य आरम्भ गरेको छ।

पुनर्जागरण सन्देशको यो पहिलो अंकमा यस संस्थाको छोटो परिचय र यसले गरिआएका कार्यहरुको संक्षिप्त झलक दिइएको छ। महिला लोकतान्त्रिक सञ्जाल परियोजना बारे आवश्यक जानकारी सहित सञ्जालको विधान र कार्यविधिको प्रस्तावित मस्यौदालाई पनि तपाईं पाठक सहित सम्बद्ध निकायहरुसम्म पुऱ्याउन आवश्यक ठानिएको हुंदा यसमा समेटिएको छ भने यस अघि नै गठन भईसकेका केही सञ्जालहरुलाई पनि यसभित्र अटाउने प्रयास गरिएको छ। अहिलेको जल्दोबल्दो विषयको रुपमा अगाडि आइरहेको समावेशीकरणको सवालमा केही आधारभूत जानकारी सहित नेपालको अन्तरिम संविधान, २०६३ मा समावेशीकरणका सन्दर्भमा उल्लेख भएका कुराहरुलाई पनि प्रस्तुत गरिएको छ। अन्तरिम विधायिका संसदका सभामुख सुवास नेम्वाङद्वारा उद्घाटन गरिएको महिला लोकतान्त्रिक सञ्जाल परियोजनाको पहिलो विचार गोष्ठीलाई यस अंकको मुख्य समाचारको रुपमा स्थान दिइएको छ।

माथि उल्लेख भइसकेको छ, मुखपत्र प्रकाशनको दिशामा यो हाम्रो पहिलो प्रयास नै हो। पाठकको चाहना र वर्तमानको आवश्यकतालाई यसमा कति समेट्न सकियो ? समाग्रीहरुको प्रस्तुति कति रोचक, आकर्षक, ब्यबस्थित, सूचनामूलक र मीठासपूर्ण बनाउन सकियो ? मूल्याङ्कन गर्ने जिम्मा तपाई आदरणीय पाठकहरुलाई नै छाडेका छौं। त्रैमासिक रुपमा प्रकाशन हुने यस बुलेटिनका आगामी अंकहरुका लागि यहाँहरुबाट सबैखाले सहयोगको अपेक्षा पनि गरेका छौं।

**वाई.बी. थापा**
अध्यक्ष
**पुनर्जागरण समाज नेपाल**


**सम्पादन मण्डल** : वाई.बी. थापा, पूर्णबहादुर चेम्जोङ, डा. बालचन्द्र मिश्र, **सल्लाहकार** : प्रा.डा. चैतन्य मिश्र, हरिशरण घिमिरे, सपना प्रधान मल्ल, उर्मिला अर्याल, **सम्बाददाता** : उषाकला राई, कृष्णभक्त राई, एकमाया थापा, इन्दिरा आले, मानबहादुर कुँवर, **व्यवस्थापक** : मदनबहादुर थापा, पुष्कर पोखरेल, ध्रुवराज घिमिरे, जयनारायण प्रसाद चौधरी, **मुद्रक** : सुनकोशी छापाखाना प्रा.लि.



**पुनर्जागरण समाज नेपाल**
केन्द्रीय कार्यालय
बालकोट-२, भक्तपुर

पो.ब.नं. : १०४२९, काठमाडौं, नेपाल
फोन : ००९७७-१-६६३२८२१, फ्याक्स : ००९७७-१-६६३०४८९
Email: rsn@ntc.net.np
Website : www.renaissance.org.np

# अन्तरिम संविधानको समावेशी कोणबाट चिरफार

अन्तरिम विधायिका संसदका सभामुख सुभाष नेम्वाङले विगतमा पाँच प्रतिशत महिला उम्मेदवारीको कुरालाई पनि ठीक ढंगले व्यवहारमा नउतारेर राजनीतिक दलहरुबाट गंभीर गल्ती भएको बताउनुभएको छ । ***महिला लोकतान्त्रिक सञ्जाल परियोजना*** ले २०६३ माघ १४ गते आयोजना गरेको **"नेपालको अन्तरिम संविधान २०६३ : महिला सशक्तिकरण तथा समावेशीकरणका प्रावधान, कमी र कार्यान्वयनका चुनौतिहरु"** विषयक विचार गोष्ठीमा प्रमुख अतिथीको रुपमा उद्घाटन मन्तव्य व्यक्त गर्दै सभामुख नेम्वाङले भन्नुभयो "पाँच प्रतिशत भन्दा बढी महिला उम्मेदवार नै नउठाउँने र त्यो पनि सकभर हार्ने ठाउँमा नै महिला उम्मेदवारी दिएर आधा आकाश ढाक्ने उनीहरुमाथि ठूलो अन्याय भएको छ ।" उहाँले राज्यका प्रत्येक क्षेत्रमा ३३ प्रतिशत महिला सहभागिताको ग्यारेन्टी गर्ने कुरा संसदले नै परित गरिसकेको अवस्थामा संविधानसभाका उम्मेदवारहरुको सूचीमा पनि त्यसको इमान्दारितापूर्वक कार्यान्वयन हनुपर्नेमा जोड दिनुभयो । यस्ता गोष्ठीहरुबाट संविधान निर्माणमा समानुपतिक महिला प्रतिनिधित्व तथा महिला सशक्तिकरणमा बल पुग्ने विश्वास व्यक्त गर्दै उहाँले दलित, जनजाति, मधेशी, कर्णाली अंचल लगायत पिछडिएका क्षेत्रको संलग्नतामा नयाँ संविधान निर्माणमा हुनैपर्नेमा जोड दिनुभयो । उहाँले यस गोष्ठीमा भएका छलफलबाट निस्केका निष्कर्षहरुप्रति संसद, राजनीतिक दल र सरकारको ध्यानाकर्षण गराउनमा आफू सक्रियतापूर्वक लाग्ने विश्वास पनि दिलाउनुभयो ।

राजनीतिक दल, तिनका भातृ संगठन र स्थानीय तथा केन्द्रीय सरकारमा अर्थपूर्ण रुपमा महिला सहभागिता अभिबृद्धि गर्ने उद्देश्यले होटल हिमालय, कोपुन्डोलमा महिला लोकतान्त्रिक सन्जाल परियोजनाले आफ्नो पहिलो औपचारिक कार्यक्रमको रुपमा उक्त गोष्ठी सम्पन्न गरेको हो ।

अन्तरिम संसदका अधिकांश माननीय सदस्यहरुको उत्साहपूर्ण सहभागिता रहेको उक्त गोष्ठीमा अधिवक्ता सपना प्रधान मल्लले **'नेपालको अन्तरिम संविधान २०६३ : महिला अधिकार र कार्यान्वयनका चुनौतीहरु'** शीर्षकको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने उक्त कार्यपत्रमाथि अधिवक्ताहरु शम्भु थापा, पूर्णमान शाक्य र अधिवक्ता/सह-प्राध्यापक गीता पाठक संग्रौलाले टिप्पणी गर्नुभएको थियो । महिला बालबालिका तथा समाजकल्याण राज्यमन्त्री उर्मिला अर्याल विशेष



विचारगोष्ठीको उद्घाटन गर्दै सभामुख सुभाष नेम्वाङ

अतिथीको रुपमा सहभागी हुनुभएको उक्त गोष्ठी महिला लोकतान्त्रिक सन्जाल निर्माण तथा महिला सशक्तिकरणको क्षेत्रमा क्रियाशील तीनवटा गैससहरु : पुनर्जागरण समाज नेपाल बालकोट-भक्तपुर, जागरण नेपाल अनामनगर-काठमाडौं र ग्रामीण महिला विकास केन्द्र चितवनको संयुक्त आयोजनामा सम्पन्न भएको थियो ।

प्रारम्भमा गोष्ठीको सान्दर्भिकता बारे पुनर्जागरण समाज नेपालका अध्यक्ष वाई.बी. थापाले प्रकाश पार्नुभएको थियो । उहाँले संविधानले महिला सशक्तिकरणको सवालमा लिएका तथा लिनुपर्ने नीति र कार्यक्रमबारे बहस तथा पैरवी गर्ने, उपयुक्त जनमत निर्माण गरी संविधानसभाको गठनमा महिला, दलित, जनजाति र मधेशी समुदायको प्रतिनिधित्व बढाउने, महिला अन्तर-पार्टी सञ्जालहरु विभिन्न विकास क्षेत्र, जिल्ला र निर्वाचन क्षेत्रहरुमा गठन, विस्तार र सुदृढ गर्न अनुकुल वातावरण सिर्जना गर्ने, महिला सञ्जाल र सशक्तिकरण नीति पार्टी तथा सरकारमा लागू गराउन पहल गर्ने जस्ता उद्देश्यहरु बोकेर यो परियोजना संचालन गरिएको जानकारी गराउनुभयो ।

त्यसपछि अधिवक्ता सपना प्रधान मल्लले गोष्ठीका सहभागीहरु माभ्क आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उहाँले आफ्नो कार्यपत्रलाई अन्तरिम संविधानमा भएका सकारात्मक ब्यबस्थाहरु, यसमा रहेका कमी कमजोरीहरु र अन्तरिम संविधानको ब्यबस्था कार्यान्वयनका लागि तत्कालै अवलम्बन गर्नुपर्ने उपायहरु गरी प्रमुख तीन उपशीर्षकहरुमा विभाजित गरेर प्रस्तुत गर्नुभएको थियो । राजनीति र सरकारमा अर्थपूर्ण सहभागितामा जोड दिँदै उहाँको कार्यपत्रले महिलाहरुलाई अवसरको समानता मात्र नभएर पहुँच र परिणाममा पनि सहभागिताका लागि स्पष्ट कानुनको आवश्यकतामा जोड दिएको छ । त्यसैगरी संविधान सभाको उम्मेदवारीमा ३३ प्रतिशत महिला उम्मेदवारी सहित समानुपातिक निर्वाचनका लागि तयार गरिने उम्मेदवारहरुको सूची पनि महिलाबाट शुरु गरी प्रत्येक तेश्रो पंक्ति महिला हुने ब्यवस्था मिलाउनु पर्ने र त्यसरी समेटिने महिलाहरुमा दलित, आदिवासी, जनजाति, भौगोलिक विकटता, मधेशी, अपाङ्ग र अल्पसंख्यक धार्मिक समुदायको प्रतिनिधित्व हुनुपर्नेमा जोड दिँदै उक्त कार्यपत्रमा



छलफलमा व्यस्त विचारगोष्ठीका सहभागीहरू

संविधान सभामा राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्तिहरु मध्ये सहमतिका आधारमा १६ जना सदस्य पठाउँदा पनि महिलाको समानुपातिक सहभागिताको सुनिश्चितता हुनुपर्नेमा जोड दिइएको छ ।

त्यसपछि शुरु भएको उक्त कार्यपत्रमाथिको टिप्पणीको क्रममा पहिलो टिप्पणीकार हुनुहुन्थ्यो नेपाल बार एसोसिएसनका अध्यक्ष अधिवक्ता शम्भु थापा । उहाँले महिलाको प्रतिनिधित्व संविधानले नै सुनिश्चित गरे पनि वर्तमान अन्तरिम संसदमा कुनै राजनीतिक दलले एकजना पनि महिला नियुक्त नगरेकोमा आपत्ति प्रकट गर्दै संविधान सभामा नयाँ अनुहारहरु नआउने हो भने फेरि पनि उस्तै संविधान बन्नसक्ने चिन्ता व्यक्त गर्नुभयो । सात राजनीतिक दलमा अहमता भएकोले नै मधेशको सवाललाई अन्तरिम संविधानमा समेट्ने कुरामा गंभीर नभएको र त्यसैको परिणामस्वरुप अहिले मधेशको आन्दोलनले उग्र रुप लिएको दावी उहाँले गर्नुभयो । संसदवादी सात राजनीतिक दल र माओबादीबीच संसद र विधायिका मध्ये कुन शब्द प्रयोग गर्ने भन्ने जस्ता साना सवालमा समेत घर्षण देखिएको बताउँदै भारतमा हालसम्म ३३ प्रतिशत महिला प्रतिनिधित्व हुन नसकेको सन्दर्भबाट शिक्षा लिई महिला सशक्तिकरणका कार्यक्रमहरु पनि संगसंगै लानुपर्नेमा उहाँले जोड दिनुभयो ।

त्यसपछिका अर्को टिप्पणीकार त्रिभुवन विश्वविद्यालयका सह-प्राध्यापक एवं अधिवक्ता पूर्णमान शाक्यले राजनीतिक दलहरुको अहिलेसम्मको मानसिकता हेर्दा समानुपातिक प्रतिनिधित्वका लागि उम्मेदवारी दिँदा पनि षड्यन्त्र हुनसक्ने आशंका गर्दै भन्नुभयो “विभिन्न दलका नेताहरुबीच भित्री सांठगांठ भई कमजोर उम्मेदवार दिएर एउटाले अर्कोलाई सघाउने खेल हुनसक्छ । हार्ने ठाउँमा महिलालाई उम्मेदवारी दिएर कोटा पुर्‍याउने मानसिकताबाट दलहरु मुक्त हुनुपर्छ ।” हाल ३३ प्रतिशत महिला उम्मेदवार दिएर बाँकी ६६ प्रतिशत विभिन्न जनजाति, दलित आदिलाई बाँड्दा त्यहाँ पनि महिलाको प्रतिनिधित्वको ग्यारेन्टी हुनुपर्नेमा उहाँले जोड दिनुभयो । उक्त गोष्ठीका अर्का टिप्पणीकर्तामा सह-प्राध्यापक एवं अधिवक्ता गीता पाठक संग्रौला हुनुहुन्थ्यो । उहाँले परिणाम सुनिश्चित नहुने सहभागितालाई वास्तविक सहभागिता भन्न नसकिने बताउँदै ‘राजनैतिक’ शब्दले दल र त्यसका नेताहरुमा नैतिकताको पक्षलाई पनि जोड दिएकोतर्फ सहभागीहरुको ध्यानाकर्षण गराउनुभयो । नेताहरुले पहिले नै एउटा धारणा बनाइसकेर छलफलमा बस्नुको औचित्य नभएको बताउदै उहाँले भन्नुभयो “कचौरा बनाउने मानसिकताले करुवा बन्न सक्दैन ।”



होटल हिमालय कुपन्डोलमा आयोजित विचार गोष्ठीको एक झलक

उहाँले चीनको संविधानमा महिला हक र लैङ्गिक न्यायको अलग व्यवस्था गरिएको सन्दर्भबाट पनि सिक्न सकिनेमा जोड दिनुभयो ।

यसप्रकार प्रमुख टिप्पणीकर्ताहरुको विचार प्रस्तुत भइसकेपछि सबै सहभागीबीच थप छलफलका लागि फ्लोर खुल्ला गरिएको थियो । यसरी छलफलमा भाग लिनेहरुमा अखिल नेपाल महिला संघकी केन्द्रिय सदस्य सनम छेजुङ लामा, मानव अधिकार एलाइन्सका शुरेश गौतम, जनमोर्चा नेपालका केन्द्रीय कोषाध्यक्ष सरिता महर्जन, राष्ट्रिय दलित गै.स.स. महासंघका सल्लाहकार वसन्त कुमार विश्वकर्मा, जनमोर्चा नेपालका सांसद असर्फी सदा र नेकपा एमाले केन्द्रीय कमिटी सदस्य राधा ज्ञवाली हुनुहुन्थ्यो ।

उहाँहरुले पनि लैङ्गिक समावेशीकरण तथा महिला सशक्तिकरणका विविध पक्षहरुमा आफ्ना सुझावहरु राखिसकेपछि महिला बालबालिका तथा समाजकल्याण राज्यमन्त्री उर्मिला अर्यालले सहभागी सबैको विचारलाई समेटेर समापन मन्तब्य दिनुभएको थियो । आफ्नो मन्तब्यको क्रममा उहाँले गत प्रतिनिधि सभाको निर्वाचनमा सबै पुरुष उम्मेद्वारहरुलाई हराएर आफू विजयी भएको उदाहरण अघि सार्दै महिलालाई कमजोर भन्न नमिल्ने दावी गर्नुभयो । उहाँले ३३ प्रतिशत आरक्षणले मात्र महिला सशक्तिकरणको प्रयास सफल नहुने बताउँदै महिलाहरुले आफूलाई भूगोलमा नै स्थापित नगरेसम्म क्षेत्रगत हिसाबले र राष्ट्रिय तहमा समेत नेतृत्व विकास हुने मौका पनि कम हुनेतर्फ सजग रहनुपर्ने कुरा औंल्याउनुभयो । उहाँले पार्टीको कमजोर स्थिति भएको ठाउँमा महिला उमेद्वार बनाउने मानसिकतामा परिवर्तनको आवश्यकतामा पनि जोड दिनुभयो । सरकारको राष्ट्रिय बजेट निर्माण गरिँदा लैङ्गिक सम्बेदनशीलताको पक्ष पनि प्रतिबिम्बित हुनुपर्ने र विभिन्न मन्त्रालयमा ‘जेन्डर फोकल पर्सन’ को ब्यबस्था हुनुपर्नेमा जोड दिँदै उहाँले यस्ता गोष्ठीहरुबाट प्राप्त सुझावहरु कार्यान्वयन गर्नको लागि आफूले संसद र सरकारलाई निरन्तर झक्झक्याइरहने विश्वास सहभागीहरुलाई दिलाउनुभयो । ❑

# पुनर्जागरण समाज नेपालको संक्षिप्त परिचय

युरोपमा चौधौं देखि सोहौं सताब्दीसम्म चलेको पुनर्जागरण (**Renaissance**) कालमा हरेक क्षेत्रमा नयाँ चेतनाको विकास भयो, नयाँ अनुसन्धानहरु भए र ज्ञान आर्जनका नयाँ बैज्ञानिक तरिकाहरु अपनाइए। पुरानो संकीर्णतालाई त्यागेर हरेक क्षेत्रमा नयाँ नयाँ खोजहरु गर्ने क्रममा सामाजिक, सांस्कृतिक तथा बौद्धिक क्षेत्रमा ठूलो प्रगति भयो। यसले आफ्नै इतिहास र परिवेशबाट सबैभन्दा बढी सिक्न र मुलुकलाई अघि बढाउन सकिन्छ भन्ने भावनाको विकास मानिसहरुमा गरायो। युरोपको पुनर्जागरण कालबाट नै मध्ययुगीन संकीर्णताको अन्त र आधुनिक युगको आगमन भएको थियो।

हाम्रो पूर्वीय संस्कृति र इतिहासमा पनि त्यसरी सिक्ने कुराहरु प्रशस्तै रहेका छन्। विशेषगरी, नेपालको सन्दर्भमा भन्दा प्राग ऐतिहासिक कालमा काठमाडौं उपत्यकामा पहिलो मानव बस्ती बसाउने शाँखु बज्रयोगिनी माताका सन्तानहरुबाट शुरु भएको नेपालको इतिहासले मानदेब, गौतम बुद्ध, पृथ्वीनारायण शाह, भीमसेन थापा जस्ता अनेकौं सपुतहरुलाई जन्माएको छ। १०४ वर्षे राणा काल र ३० वर्षे पंचायत कालमा निरंकुश हुकुमी शासन लादिएका कारण त्यस्ता अनुकरणीय इतिहास निर्माताहरुलाई जन्माउन सकिएन। तर २०४६ को जनआन्दोलनद्वारा बहुदलीय ब्यबस्थाको पुनर्स्थापना पछि गैरसरकारी संस्थाहरु र नागरिक समाजको पहल र प्रयत्नमा मुलुकलाई पुनर्जाग्रित गर्ने महत्वपूर्ण अभियान शुरु भएको थियो। त्यही अभियानको एउटा सशक्त बाहक हो ***पुनर्जागरण समाज नेपाल***, जसले बहुचर्चित दोस्रो जनआन्दोलन २०६२/६३ को मर्म र भवनालाई पनि शिरोपर गरेर अघि बढिरहेको छ।

नेपालको अथाह प्राकृतिक स्रोतहरु, यहाका कर्मबीर नागरिकहरु, अनि विश्वकै सर्वोच्च शिखर सगरमाथा र विश्व शान्तिका अग्रदूत गौतम बुद्धको जन्मभूमिको रुपमा यो मुलुकले प्राप्त गरेको अन्तर्राष्ट्रिय छविलाई नियाल्दा नेपालीहरु गरीब र पछौटे भएर बस्नुपर्ने कारण छँदैछैन। त्यसैले हाम्रो अभियान यो मुलुकलाई समृद्धताको उचाइतर्फ डोऱ्याउने हो। अन्तर्राष्ट्रिय रुपमा तय गरिएको सहश्राब्दी विकास लक्ष्य र नेपाल सरकारको गरीबी निवारण रणनीतिले पनि हामी सबैलाई त्यही दिशामा अघि बढ्न प्रेरित गरिरहेको छ।

**टेबल १ : पुनर्जागरण समाज नेपालको कार्य समिति (३ जनवरी २००५ देखि)**

| क्र.सं. | नाम | पद | विशेषज्ञताको क्षेत्र |
|---|---|---|---|
| १ | वाई. बी. थापा | अध्यक्ष | कृषि, सामुदायिक विकास, अनुसन्धान र अर्थशास्त्र |
| २ | डा. विजय कुमार सिंह | उपाध्यक्ष | सामुदायिक बन, गैरकाष्ठ बन पैदावार र नवीरकणीय उर्जा |
| ३ | मदनबहादुर थापा | सचिव | सामुदायिक विकास र वित्तीय ब्यबस्थापन |
| ४ | डा. पुरुषोत्तम श्रेष्ठ | कोषाध्यक्ष | जलश्रोत, उर्जा र भौतिक पूर्वाधार निर्माण |
| ५ | उर्मिला अर्याल | सदस्य | आर्थिक विकास, लैङ्गिक, शिक्षा, द्वन्द्व ब्यबस्थापन र मानब अधिकार |
| ६ | डा. टी. एन. श्रेष्ठ | सदस्य | ग्रामीण लघु उद्यम र कृषि |
| ७ | पूर्ण बहादुर चेम्जोङ | सदस्य | जीवीकोपार्जन, संस्थागत विकास र सहभागितमूलक प्रणाली |

पुनर्जागरण समाज नेपालसंग विधिन्न विधाका वित्रेषज्ञहरुको एउटा सल्लाहकार समिति पनि रहेको छ।

यसै परिप्रेक्ष्यमा विकासका बहुआयामिक विधाहरुमा ज्ञान र सीपले खारिएका विज्ञहरुको एउटा टिम २०५१ सालमा ***पुनर्जागरण समाज नेपाल***को नामबाट विधिवत रुपमा अगाडि आएको छ, राष्ट्र निर्माणमा समर्पित एउटा गैससको रुपमा।

देशका सबै मानिसले न्याय, शान्ति, समानता र समृद्धिका अवसरहरु प्राप्त गरुन् भन्ने प्रष्ट दृष्टिकोण सहित स्थापना भएको यस संस्थाको प्रमुख लक्ष्य दुर्गम र विपन्न समुदायका महिला, साना किसानहरु र दलित, उत्पीडित समुदायका मानिसहरुमा उद्यमशीलताको विकास गराउनु हो। त्यसका लागि उनीहरुमा अन्तरनिहित उत्पादनशील र संगठनात्मक क्षमताको पनि संगसंगै विकास गर्दै लगी दीगो विकासका लागि उनीहरुमा आत्मविश्वास जगाउने ध्येय पुनर्जागरण समाज नेपालको रहेको छ। बुंदागत रुपमा भन्दा यस संस्थाका प्रमुख उद्देश्यहरुमा (क) उपेक्षित, उत्पीडित वर्ग, क्षेत्र र महिलाहरुको मूलप्रबाहीकरण (ख) स्थानीय स्रोत साधनको परिचालन गरी सामाजिक आर्थिक पूर्वाधारहरुको विकास मार्फत गरीवी न्यूनीकरण गर्ने, (ग) स्थानीयस्तरका सामुदायिक संस्थाहरुको निर्माण, सहकार्य र परिचालन तथा जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने, (घ) विकास परियोजनाहरुका मोडेल र अवधारणाहरुको मूल्याङ्कन र अध्ययन गर्ने रहेका छन्। यस संस्थाले आय आर्जन कार्यक्रम र लघु उद्यम संचालन, शिक्षा, स्वास्थ्य, मानब अधिकार, पूर्वाधार विकास, वातावरण र स्वशासन जस्ता प्रमुख ७ वटा विधाहरुमा आफूलाई केन्द्रित गर्दै आएको छ।

उपरोक्त उद्देश्यहरु बोकेको ***पुनर्जागरण समाज नेपाल*** ले आफ्नो १२ वर्षे यात्राको दौरानमा देशका ९ वटा जिल्लाहरुका ६१ वटा दुर्गम गाविसहरुका महिला, बालबालिका, दलित र द्वन्द्व प्रभावित समुदायबाट गरी ६५ हजार भन्दा बढी मानिसहरु प्रत्यक्ष रुपमा लाभान्वित हुने गरी आफ्नो उद्देश्य अनुरुपका कार्यक्रमहरु संचालन गरिसकेको छ। अझ अगाडि बढेर संस्थाले यस वर्ष देखि देशका ५० जिल्लाहरुमा 'महिला लोकतान्त्रिक सञ्जाल परियोजना' शुरु गरिसकेको छ र आफ्नो भौगोलिक कार्यक्षेत्रको दायरालाई झण्डै देशब्यापी बनाउन सफलता पनि प्राप्त गरेको छ। ❑

# समावेशीकरण पृष्ठ

**समावेशीकरण भनेको के हो ?**

मानव विकासका लागि न्यायपूर्ण समाज र समान अधिकारको आवश्यकता अपरिहार्य कुरा हो । यस्तो नभएकै कारण विश्वमा मानिसहरु आफूप्रति वर्गीय, जातीय, लैङ्गिक, धार्मिक/सांस्कृतिक र राजनीतिक रुपमा भएका अन्यायहरु विरुद्ध संघर्ष गरिरहेका हुन्छन् । यस्ता खाले संघर्षहरु घर परिवार, समाज, राष्ट्र र अन्तराष्ट्रिय क्षेत्रसम्म चर्किहेको हुन्छ । यसो हुनु पछाडिको प्रमुख कारण शासन सत्तामा पहुँच रहेको वर्गको सधैंको थिचोमिचो र त्यसप्रतिको निरन्तरको प्रतिरोध नै हो । कुनै पनि देशमा द्वन्द्व चर्कंदै जानु, विकास निर्माणका कार्यक्रमहरु सफल नहुनु र सरकारी तथा गैरसरकारी क्षेत्रबाट लागू भएका परियोजनाहरुको पनि प्रभावकारीता नदेखिनुको मुख्य कारण समावेशीकरणको अभाव नै हो । त्यसैले दुई चार जना दलित, उपेक्षितलाई कसैको दया मायाले कुनै राम्रो पदमा पुऱ्याइदिंदैमा सामाजिक विभेद र त्यसका कारण सिर्जित द्वन्द्वको अन्त्य भयो भन्न मिल्दैन । उनीहरुको समावेशीकरण भएको ठान्नु पनि हुँदैन । वास्तविक अर्थमा समावेशीकरण भनेको विभिन्न जात, जाति, क्षेत्र तथा लैङ्गिक आधारमा कुनै पनि खालको विभेद नगरी समान अवसर र अधिकारको नीति अवलम्बन गर्दै विकास निर्माण र राज्य संचालनमा केन्द्र देखि स्थानीय तहसम्म सबैको समान पहुँच र सहभागिता सुनिश्चित गर्नु नै हो ।



**सामाजिक समावेशीकरण किन ?**

१. समाजमा रहेको आर्थिक सामाजिक र जातीय विभेदको अन्त्य गर्न ।
२. विकास देश र जनताको लागि हो । तसर्थ जनताको व्यापक र सर्वोपरी सहभागिताबाट मात्र विकासले गति लिन सक्छ भन्ने मान्यताको विकास गर्न ।
३. समाजमा विद्यमान सबै किसिमका द्वन्द्वहरुको दीगो समाधान गर्न ।
४. विभेदमूलक सामाजिक संरचनाले निम्त्याउने खराबीहरु कम गर्न ।
५. राजनीतिक स्थिरताका लागि समावेशी प्रजातान्त्रिक नेतृत्व अनिवार्य भएकोले ।
६. निर्णय प्रकृयामा सबैको समान पहुच सुनिश्चित गर्न ।
७. समाजमा जाती, लिङ्ग र धर्म भन्दा पनि सीपगत रुपमा आ-आफ्नो पेशामा रुची एवम् दक्षता अभिबृद्धि गर्न ।
८. अन्तराष्ट्रिय मान्यता अनुरुप सबैको समान अधिकार सुनिश्चित गर्दै शोषणरहित समाज सिर्जना गर्न ।
९. सहभागीतामूलक निर्णय प्रकृयाबाट मात्र दीगो विकास र व्यबस्थापन संभब हुने भएकोले ।

**सामाजिक समावेशीकरण कसरी गर्ने ?**

१. सबै जाति, भाषी, क्षेत्र र लिङ्गका मानिसहरुको सहभागिता र पहुँच अभिबृद्धि गरेर ।
२. दलित, उत्पीडित लगायत शिक्षामा पछि परेका समुदायमा शैक्षिक जागरण र चेतनामूलक कार्यक्रमहरु अघि बढाएर ।
३. विकासका योजनाहरुमा संबद्ध उपभोक्ताहरु सबै घरधुरीको अनिवार्य प्रतिनिधित्व र सहभागिता बढाएर ।
४. असमान उत्पादन र वितरण प्रणालीको अन्त्य गरी सबैको समस्या समाधान गर्न सक्ने विकास कार्यक्रमहरुलाई प्रार्थमिकता दिएर ।
५. स्थानीय सीप र साधनहरुको प्रयोग हुने आयमूलक कार्यक्रमहरु मार्फत रोजगारीका अवसरहरु बढाएर ।

**नेपालको अन्तरिम संविधान २०६३ मा समेटिएको समावेशीकरणको स्थिति**

देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्याहरुलाई समाधान गर्न राज्यको अग्रगामी पुनरसंरचना गर्ने संकल्प गर्दै, .....**(प्रस्तावना)**

राज्यले नागरिकहरुका बीच धर्म, वर्ण, जाति, लिङ्ग, उत्पत्ति, भाषा, बैचारिक आस्था वा ती मध्ये कुनैको आधारमा भेदभाव गर्नै छैन । तर महिला, दलित, आदीवासी, जनजाती, मधेशी वा किसान, मजदुर, वा आर्थिक, सामाजिक वा सांस्कृतिक दुष्टिले पिछडीएको वर्ग वा बालक, बृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रुपले अशक्त व्यक्तिको संरक्षण, शसक्तिकरण वा विकासका लागि कानूनद्वारा विशेष व्यबस्था गर्न रोक लगाएको मानिने छैन **(धारा १३, समानताको हक)**

आर्थिक, सामाजिक, वा शैक्षिक दुष्टिले पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी समुदाय, उत्पीडित वर्ग, गरीब किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ **(धारा २१, सामाजिक न्यायको हक)**

वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदीवासी जनजाति, मधेशी, उत्पीडित, उपेक्षित र अल्पसंख्यक समुदाय, पिछडिएका क्षेत्र लगायत समस्याहरुलाई संबोधन गर्न राज्यको वर्तमान एकिकृत र एकात्मक ढाँचाको अन्त गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनरसंरचना गर्ने **(धारा ३३ घ, राज्यको दायित्व)**

सवै किसिमको आर्थिक एवं सामाजिक असमानता हटाइ विभिन्न जात, जाती, धर्म, भाषा, वर्ण, समुदाय र सम्प्रदायका बीच सामन्जस्य स्थापना गरी न्याय र नैतिकतामा आधारित स्वस्थ सामाजिक जीवनको स्थापना गर्नु राज्यको सामाजिक उद्देश्य हुनेछ **(धारा ३४-५, राज्यका निर्देशक सिद्धान्तहरु)** ❑

# राष्ट्र निर्माणमा समर्पित पुनर्जागरण समाज नेपालका १२ वर्षहरू

*पुनर्जागरण समाज नेपाल* ले मानव विकासलाई विशेष रुपमा जोड दिँदै विगत १२ वर्षको इतिहास निर्माण गर्ने क्रममा आफ्नो प्रयासलाई विशेष रुपमा केन्द्रीत गरेका पक्षहरुमा गरीवी न्यूनिकरण, निवारण कार्यक्रम, खानेपानी तथा सरसफाइ, अनौपचारिक शिक्षा, बचत तथा ऋण सहकारी संचालन, प्राकृतिक स्रोतहरु तथा वातावरण संरक्षण आदि रहेका छन्, जसलाई यसप्रकार उल्लेख गर्न सकिन्छ-

१, **शहरी खानेपानी तथा सरसफाइ आयोजना** -(डब्लू एस.एस.पी.) - ***पुनर्जागरण समाज नेपाल***ले मोरङको बेलबारी र सुनसरीको इटहरीमा साना शहरी खानेपानी तथा सरसफाइ आयोजना (Small Town water supply and sanitation Sector Project) मा गैसस सेवा उपलब्ध गराइरहेको छ। बेलबारी नगर खानेपानी आयोजनामा उक्त गाविसको वडा नं १ देखि ४ सम्मका घरधुरीहरुलाई समेटिएको छ भने इटहरी नगर खानेपानी आयोजनाबाट उक्त नगरपालिकाको पुरै क्षेत्र सहित सिमावर्ती एकम्बा गाविसको ४ नं वडा र हासपोसा गाविसको १ नं वडामा खानेपानी आपूर्तिको ब्यबस्था मिलाइएको छ । यी दुई आयोजनाबाट ती क्षेत्रहरुका १० हजार ३ सय १३ घर धुरीमा बसोबास गर्ने ५३ हजार १ सय ३३ जना उपभोक्ताहरु प्रत्यक्ष रुपमा लाभान्वित




**चित्र नं. ३ः पुनर्जागरण समाज नेपालले कार्यान्वयन गरेका विभिन्न कार्यक्रमहरु र लाभान्वीत जनसंख्याको विवरण**

हुनेछन् । ***पुनर्जागरण समाज नेपाल*** ले आयोजना क्षेत्रमा सामाजिक आर्थिक पार्श्वचित्र तयार गर्ने, खानेपानी उपभोक्ताहरुको संस्था निर्माण र प्रवर्धन गर्ने, जनचेतना अभिवृद्धि गर्ने र स्वास्थ्य सरसफाइ शिक्षा कार्यक्रम संचालन गर्दछ । यसको अतिरिक्त महिला तथा शहरी क्षेत्रका विपन्न वर्गलाई मूल धारमा ल्याउन आवस्यक सुविधाहरु उपलब्ध गराउने प्रयास गर्दछ । माथिका कार्यक्रमहरु संचालन गर्न एसियाली विकास बैंक र खानेपानी तथा ढल निकास विभागले आर्थिक सहयोग उपलब्ध गराएका छन् ।

२, **ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम** - ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति र सामुदायिक खानेपानी तथा सरसफाइ आयोजनाको आर्थिक सहयोगमा यस संस्थाले पर्सा, प्युठान, दोलखा, रोल्पा, रुकुम, हुम्ला र जाजरकोट जिल्लाहरुमा ग्रामीण खानेपानी तथा सरसफाइ आयोजनाहर संचालन तथा विस्तार गरिरहेको छ । कोष विकास समितिको सहयोगमा पर्सा, दोलखा र प्युठान जिल्लाहरुमा गरी २१ वटा आयोजनाहरु संचालित छन्, जसबाट ती जिल्लाहरुका १४ गाविसहरुमा बस्ने २ हजार ७ सय २४ परिवारका १६ हजार ९ सय ३१

चित्र नं. ३: पुनर्जागरण समाज नेपालले कार्यान्वयन गरेका विभिन्न कार्यक्रमहरु र लाभान्वीत जनसंख्याको विवरण






पुनर्जागरण समाजद्वारा प्यूठानको एक विकट गाउँमा आयोजित कार्यक्रमका सहभागीहरू

***पुनर्जागरण समाज नेपाल*** ले स्थानीय गैससहरुसंग मिलेर काम गरिरहेको छ। हातेमालो गरेर काम गरिरहेका स्थानीय गैससहरुमा नेपाल मगर समाज तथा सूचना केन्द्र रुकुम, मधुरमा युवा क्लब रोल्पा, ग्रामीण समाज नेपाल जाजरकोट र ग्रामीण जन उत्थान तथा विकास कार्यक्रम हुम्ला रहेका छन्। माथि उल्लेखित कार्यक्रमहरु संचालन गर्नका लागि एसियाली विकास बैंक र खानेपानी तथा ढल निकास विभागले आर्थिक सहयोग उपलब्ध गराएका छन्।

**३, गरीवी निवारण कोष कार्यक्रम** - यस संस्थाले प्यूठान जिल्लाका फोप्ली, लिघा, डाम्री र खवाङ्ग गरी चार गाविसहरुमा गरीवी निवारण कार्यक्रम संचालन गरिरहेको छ। ती गाविसहरुका दलित, जनजाति र विपन्न महिला गरी १ हजार ३ सय परिवारलाई सेवा पु¥याउन विभिन्न ४१ वटा सामुदायिक संस्थाहरु गठन गरी सामाजिक आर्थिक पूर्वाधारहरुको विकास, आय आर्जन कार्यक्रम, सीप विकास, स्थानीय स्रोतको विकास जस्ता कार्यक्रमहरुको माध्यमबाट उनीहरुको जीवनस्तरलाई उकास्ने प्रयत्न भइरहेको छ। आगामी ३ वर्ष भित्र यो कार्यक्रमलाई विस्तार गरी ३ हजार परिवारलाई समेट्ने लक्ष्य रहेको छ।

**४, शैक्षिक कार्यक्रम** - यस संस्थाले अनौपचारिक शिक्षा (प्रौढ शिक्षा र बाल शिक्षा) कार्यक्रम पनि संचालन गरिरहेको छ। त्यस क्रममा यसले ४ वटा जिल्लाहरुमा १० हजार ७ सय ३ जना महिलाहरुलाई प्रौढ कक्षा कार्यक्रमको माध्यमबाट साक्षर बनाउन सफलता हासिल गरिसकेको छ। त्यसैगरी विद्यालय जानबाट बञ्चित ३ हजार ३ सय ७२ जना बालबालिकालाई दुई चरणका कार्यक्रमहरुको माध्यमबाट प्राथमिकस्तरको साक्षरता शीप उपलब्ध गराउन सफलता प्राप्त गरेको छ भने अभिभावकहरुलाई आफ्ना केटाकेटी विद्यालय पढाउन प्रोत्साहन स्वरुप आय आर्जन कार्यक्रमको संचालन गरेको छ।

उपभोक्ताहरुलाई खानेपानी तथा सरसफाइ सुविधा उपलब्ध भइरहेको छ।

त्यसैगरी, सामुदायिक खानेपानी तथा सरसफाइ आयोजनाको सहयोगमा रुकुम, रोल्पा, जाजरकोट र हुम्ला गरी ४ जिल्लामा १४ वटा खानेपानी आयोजनाहरु संचालन हुदैछन्। यसरी संचालित हुने आयोजनाहरुमा रोल्पाको जेद्वाङ गाविसमा ३ वटा आयोजना तथा रुकुमका कांक्री, हुकाम र तक्सेरा गरी ३ गाविसहरुलाई समेटिएका ५ वटा आयोजनाहरु छन्। त्यसैगरी जाजरकोट जिल्लाका सुवानौली, मजकोट, पाजुरा र जगातिपुर गरी ४ गाविसहरुलाई समेटिएका ५ वटा आयोजनाहरु तथा हुम्ला जिल्लाका मदना र मैला गाविसहरुलाई समेटने ३ वटा आयोजनाहरु पनि संचालन गर्ने प्रयास भैरहेको छ। यी आयोजनाहरुमा



पुनर्जागरण समाजद्वारा ग्रामीण आय आर्जन कार्यक्रम अन्तर्गत सञ्चालित पर्सा डेरीमा दुध भर्दै किसानहरू

# महिला लोकतान्त्रिक परियोजना : एक अवधारणा

नेपालमा महिला सशक्तिकरण र समावेशीकरणलाई प्रभावकारी रुपमा अघि बढाउन विभिन्न राजनीतिक दलहरु बीचमा अन्तर-पार्टी महिला लोकतान्त्रिक सञ्जाल वा गठबन्धन स्थापनाको आवश्यकता लामो समयदेखि खट्कदै आएको विषय थियो । **Enabling State Programme(ESP)** मार्फत **Rights, Democracy and Inclusion Fund (RDIF)** ले यस प्रयासलाई सघाउन आफ्ना हातहरु अघि बढाएपछि यस प्रयासले मूर्त रुप लिन पुगेको छ । नवगठीत यस **महिला लोकतान्त्रिक सञ्जाल परियोजना**का उद्देश्य र अपेक्षाहरुहरु यस प्रकार रहेका छन् -

१. यस परियोजना मार्फत गरिने प्रयत्नले राजनीतिक दलहरु र सरकारमा महिला, आदिवासी समुदाय र दलितको सहभागिताप्रतिको उनीहरुको दृष्टिकोण, नीतिहरु, कार्यक्रम, कार्यान्वयन र अनुगमन संयन्त्रमा सुधार गर्नेछ । यो परियोजनाले राजनीतिक दलहरु र तिनका भातृ संगठनहरुलाई संबोधन गर्दछ, किनकी यिनीहरु नै सबैभन्दा प्रभावकारी विचार निर्माताहरु हुन् । यस प्रकृयाबाट जनताको अधिकारलाई बढावा दिएर राजनीतिक दलहरु अझ सशक्त बन्नेछन् ।

२. लामो समय देखिको राजनीतिक र सशस्त्र द्वन्द्व तथा जनआन्दोलन-२ पछि मुलुक संविधान सभा, राज्यको पूनरसंरचना र समावेशीकृत ढाँचामा उन्मुख छ । महिला, वालवालिका, जनजाति, दलितहरु र कमजोर आयश्रोत भएका मानिसहरुको जीवन आधार र मानब अधिकार संकटग्रस्त हुनपुगेको यस अवस्थामा जनताको कल्याणका सवालहरुलाई हरसमय र परिस्थितिमा उठाउँनु राजनीतिक दलहरुको प्रमुख जिम्मेवारी बन्न पुगेको छ । यस्तो परिस्थितिमा द्वन्द्व प्रभावित महिला, जनजाति र दलितको मानब अधिकार संरक्षणका लागि उनीहरुको मातृ पार्टीको बलियो समर्थन जुटाउन महिला अन्तर पार्टी लोकतान्त्रिक सञ्जाल सक्षम हुनेछ ।

३. यस परियोजनाको लक्ष्य राजनीतिक दल र तिनका भातृ संगठनमा महिला सहभागितामा सुधार गरेर उनीहरुको प्रजातान्त्रिक आधारलाई व्यापक बनाउनु रहेको छ । यस लक्ष्यले पार्टीहरुमा नेतृत्व तहदेखि तल्लो तहसम्म नै महिला र अल्पसंख्यकहरुको प्रतिनिधित्व र समावेसीकरणको स्थितिलाई सुधार गर्नेछ । यसप्रकार राजनीतिक दल र तिनका भातृ संगठनहरुले आफ्नो जनाधारलाई व्यापक बनाउनेछन् र उनीहरुका कतिपय नीति र दृष्टिकोणहरुमा पनि सुधार गर्नेछन् ।

४. किटेरै भन्दा यस परियोजनाका निम्न तीन विशिष्ट उद्देश्यहरु रहेका छन्-क) राजनीतिक दलहरुलाई राज्य संचालनका प्रकृयामा सचेतना र लबिङका लागि महिला सञ्जाल र महासंघहरुको माध्यमबाट राजनीतिमा महिलाहरुको सहभागितामा अभिबृद्धि गर्ने । ख) राजनीतिमा महिला सहभागिताका लागि राजनीतिक दल र भातृ संगठनहरुमा संयन्त्रको विकास गर्ने । ग) राजनीतिक दलहरुमा महिलाको समावेसीकरणमा बृद्धि गर्ने ।

**यस परियोजनाको लक्ष्य प्राप्तिका लागि प्रमुख रुपमा निम्न अनुसारका गतिविधिहरु संचालन गरिनेछन्**

**पहिलो** : विभिन्न राजनीतिक दल र तिनका भातृ संगठनहरुमा महिला र जनजातिका कार्यकर्ताको संख्या र सहभागिता दरको तथ्याङ्क संकलन गर्ने । यस क्रममा राजनीतिक दलहरुमा उनीहरुको उल्लेख्य संख्यामा प्रतिनित्वि हुन नसक्नुका कारणहरुको विश्लेषण सहित व्यापक समावेशीकरणका लागि आवश्यक शिफारिसहरु गर्ने ।

**दोश्रो** : क्षेत्र देखि जिल्लास्तर सम्म अन्तर पार्टी महिला सञ्जाल निर्माण तथा सुदृढ गर्ने

**तेस्रो** : मानब अधिकार, प्रजातन्त्र, समावेशीकरण र पार्टीको नीति विश्लेषणका निम्ति तालिम, अभिमुखिकरण तालिम र कार्यशालाको माध्यमबाट महिला सञ्जाललाई सुदृढ बनाउने ।

**चौथो** : पार्टी र भातृसंगठनहरुमा महिला र उपेक्षित समुदायको समावेशिकरणमा सुधार गर्न सुझावहरु प्रस्ताव गर्ने ।

**पाँचौ** : राजनीति र राज्य संचालनका प्रकृयाहरुमा महिला सहभागिताको अनुगमन र मूल्याङ्कन तथा नियमित लबिङ र सचेतनाका लागि महिला सञ्जालको अनुगमन संयन्त्र तयार गर्ने।

**चालु गतिविधिहरु र विद्यमान संघ संस्थाहरुसंग समन्वय**

यस परियोजनाले जिल्ला, अंचल र क्षेत्रीय तहमा समावेशीकरणका लागि पार्टीका कार्ययोजना र सञ्जालको विकासका लागि उच्च प्राथमिकता दिएको




बाँकेमा महिला लोकतान्त्रिक सञ्जाल गठनका लागि आयोजित बैठकका सहभागीहरू

छ। प्रथमतः प्रस्तावित परियोजनाले जिल्ला देखि क्षेत्रीयस्तर सम्म तालिम, कार्यशाला गोष्ठी र सञ्जालको विकासमा जोड दिएको छ। दोस्रो, माथि उल्लेखित कामहरु पुरा गर्नका लागि केन्द्रीय स्तरमा साझा संगठन फेला पार्न कठिन छ। उदाहरणका लागि महिला आयोग, दलित आयोग र नागरिक समाजले संभव भएसम्म सहयोगीको भूमिका खेल्न सक्छन् तर ती संस्थाहरुका साथै राजनीतिक दलहरुमै क्रियाशील महिला कार्यकर्ताहरुको पनि साझा संगठनको आवश्यकता रहेको छ। त्यसैले यसको आफ्नै संस्थागत विकासका लागि सहयोगको आवश्यकता रहेको छ। तेस्रो, राजनीतिक दल र तिनका भातृ संगठनहरुमा महिला कार्यकर्ताहरुको सहभागिता सुदृढ गर्ने कुरा सामान्यतः नेपाल सरकारका मन्त्रालय र विभागहरुको कार्यक्षेत्र भित्र पर्दैन। यस्तो अवस्थामा परियोजनाका माथि प्रस्ताव गरिएका गतिविधिहरुले महिला आयोग, दलित आयोग, पार्टीहरु र सरकारसंग रहेका स्रोत र संभावनाहरुको समन्वयात्मक परिचालनमा सहयोग पुग्नेछ।

**लक्षित समुदाय/ लाभान्वित समूहहरु**

यस परियोजनाले पार्टीहरुमा नयाँ अवधारणाको विकास, कार्ययोजना र त्यसको कार्यान्वयनका लागि लविङ गर्न विभिन्न पार्टी र तिनका कार्यकर्ताहरु बीच महिला सञ्जाल गठन गर्ने लक्ष्य लिएको छ। यसरी गठन हुने सञ्जालबाट प्रमुख रुपमा लाभान्वित हुनेहरुमा निम्न अनुसार हुनेछन् - क) राजनीतिक दलहरुका महिला नेतृहरु। ख) राजनीतिक दलका अंचल र जिल्ला इन्चार्जको जिम्मेवारीमा रहेका पुरुष नेताहरु। ग) अंचलस्तरका महिला कार्यकर्ताहरु। घ) जिल्लास्तरका पार्टी कमिटीहरुका संगठित महिला नेतृहरु। ङ) राजनीतिक दलका भातृ संगठनका महिला कार्यकर्ताहरु। च) मधेशी, जनजाति र दलित समुदायका महिला नेतृहरु। छ) दुर्गम क्षेत्र र द्वन्द्व प्रभावित क्षेत्रका महिलाहरु

यस परियोजनामा प्रमुख रुपमा नेपाली काग्रेस, नेकपा (एमाले), ने.का.( प्रजातान्त्रिक), राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल सद्भावना पार्टी ( आनन्दीदेवी) जस्ता प्रजातान्त्रिक राजनीतिक दलहरुलाई समावेश गरिनेछ। शान्तिपूर्ण मूलधारको राजनीतिको क्रममा रहेको नेकपा (माओबादी) पनि यस परियोजनाको महत्वपूर्ण सहयात्री हुने अपेक्षा गरिएको छ। यस परियोजनाका आधारभूत लक्षित वर्ग भनेका महिला, मधेशी, जनजाति, दलित समुदायबाट आएका पार्टी सदस्य र नेताहरु हुन्। उनीहरुको नेतृत्व क्षमतामा बृद्धि, समभङदारी, आत्मविश्वास, प्रजातान्त्रिक राजनीतिक प्रकृयामा ब्यापक भूमिका जस्ता पक्षहरुमा यस परियोजनाबाट उनीहरु लाभान्वित हुनेछन्। यस बाहेकका लाभान्वित वर्गमा राजनीतिक दल तथा तिनका भातृ संगठनहरु हुनेछन्। ती पार्टीहरुका जिल्ला तह भन्दा माथिका कार्यकर्ताहरुले नयाँ अवधारणा, तालिम, सीप र ज्ञान, गठवन्धन सञ्जाल, कार्य योजना र सदस्यता आधार क्षेत्रको विस्तार जस्ता पक्षहरुमा लाभ हासिल गर्नेछन्।


महिला लोकतान्त्रिक सञ्जाल परियोजना केन्द्रीय निर्देशन समितिको एउटा बैठकको दृश्य


महिला लोकतान्त्रिक सञ्जाल बारे आयोजित तालिममा सहभागी कर्मचारीहरू

**परिणाम र उपलब्धि**

१. महिला, दलित र आदिवासी जनजातीहरुको पार्टी र सरकारमा सहभागिता बढाएर राजनीतिक दलहरुका नीति, दृष्टिकोण र कार्यक्रमहरुमा सुधार गर्न यस परियोजना ( मार्फत हुने अप्रत्यक्ष हस्तक्षेप) ले सहयोग पुऱ्याउनेछ। महिला, जनजाति, दलित, दर्गम क्षेत्र र द्वन्द्वबाट प्रभावित जनताको अधिकार संरक्षणमा उनीहरुको माउ पार्टीको समर्थन बढाउन अन्तरपार्टी महिला सन्जाल सक्षम हुनेछ।

२. यो अन्तरपार्टी महिला लोकतान्त्रिक सञ्जाल जिल्ला देखि केन्द्रीय तहसम्म गठन गरिनेछन् भने यस अघि गठन भईसकेका सञ्जालहरु संग पनि समन्वयन गरि अघि वढ्ने प्रयास गरिने छ। कसै प्रति पनि नजिक वा टाढा नभई सबै राजनीतिक दलहरुप्रति यस परियोजनाकाको समान दृष्टिकोण रहनेछ। परियोजनाको अन्तसम्ममा राजनीतिक दलहरुमा महिला नेता कार्यकर्ताहरुको अनुपात ३३ प्रतिशत वा अझ बढी पुऱ्याउन यस महिला सञ्जाल सक्षम हुनेछ।

३. राजनीतिक दल र तिनका भातृ संगठनहरुले महिला, मधेशी, दलित र जनजातिहरु बीच आफ्नो सदस्यता विस्तारका लागि निश्चित समय सीमा तोकेर कार्य योजना तय गर्नेछन्। यो प्रयत्नको उपलब्धिलाई गाउ देखि केन्द्रीयस्तर सम्म र दुर्गमदेखि सुगम क्षेत्रसम्म अनुभुत गर्न सकिनेछ।

❑

# अन्तरपार्टी महिला सञ्जालहरु

जनआन्दोलन भाग १ र २ का दौरानमा नेपालका महिला, दलित, जनजाति र मधेशी समुदायहरुमा आफ्नो हक र हितका लागि संगठित हुने लहर बढेको छ। पछिल्लो अवस्थासम्म आइपुग्दा त्यस्ता समान उद्देश्य र स्वार्थ भएका संगठनहरुहरु मिलेर विभिन्न सञ्जालहरु पनि गठन हुन थालेका छन्। *पुनर्जागरण सन्देश*को यस अंकमा हाल क्रियाशील केही महिला सञ्जालहरु बारे संकलन हुन सकेकाजति जानकारीलाई समेटिएको छ (आगामी अंकहरुमा यसलाई पूर्णता दिँदै गइनेछ)।

## (क) अन्तरपार्टी महिला सञ्जाल

### केन्द्रीय समिति

| क्र.स. | नाम | पद | संबद्ध दल/संस्था | ठेगाना | फोन/प्याक्स |
|---|---|---|---|---|---|
| १ | सुप्रभा घिमिरे | सभापति | नेपाली कांग्रेस | सानेपा | ४१२२२ |
| २ | उमा अधिकारी | उप सभापति | नेपाली कांग्रेस | | |
| ३ | मीना पाण्ड | सदस्य सचिव | नेपाली कांग्रेस | | |
| ४ | शशी श्रेष्ट | सदस्य | जनमोर्चा नेपाल | | |
| ५ | प्रतिभा राणा | सदस्य | राप्रपा | | |
| ६ | राधा ज्ञवाली- | सदस्य | एमाले | | |
| ७ | सीता पौडेल- | सदस्य | एमाले | | |
| ८ | कल्याणी रिजाल- | सदस्य | ने.का.(प्रजातान्त्रिक | | |
| ९ | रेणु यादब- | सदस्य | राप्रपा | | |
| १० | उर्मिला पाण्डे | सदस्य | -सद्भावना | | |
| ११ | सीता खडका | सदस्य | नेकपा (माले) | | |
| १२ | यमुना भूषाल | सदस्य | जनमोर्चा | | |
| १३ | प्रतिनिधि -- | सदस्य | राप्रपा | | |
| १४ | प्रतिनिधि -- | सदस्य | नेमकिपा | | |

### अन्तरपार्टी महिला सञ्जाल -काठमाडौं जिल्ला शाखा

| क्र.स. | नाम | पद | संबद्ध दल/संस्था |
|---|---|---|---|
| १ | विष्णुदेवी पुडासैनी | सभापति | नेपाली कांग्रेस |
| २ | बुद्धलक्ष्मी बजिमय | उप सभापति | नेका(प्रजातान्त्रिक) |
| ३ | रत्ना गुरुङ | सचिब | एमाले |
| ४ | सुनिता चौधरी | कोषाध्यक्ष | सद्भावना (आनन्दीदेवी) |
| ५ | लक्ष्मी थापा- | सदस्य | नेपाली कांग्रेस |
| ६ | शान्ति श्रेष्ट | सदस्य | जनमोर्चा |
| ७ | लक्ष्मी लामा | सदस्य | जनमोर्चा |
| ८ | इन्द्रमाया तामाङ- | सदस्य | जनमोर्चा |
| ९ | सबिता रानी मलिक | सदस्य | सद्भावना (आनन्दीदेवी) |
| १० | अचे देवी खड्का | सदस्य | राप्रपा |
| ११ | लक्ष्मी कुइंकेल | सदस्य | राप्रपा |
| १२ | शशिकला घिमिरे | सदस्य | नेकपा (माले) |
| १३ | मिरा गुप्ता | सदस्य | बाममोर्चा नेपाल |
| १४ | मीना काफ्ले- | सदस्य | नेकपा (एमाले) |

### अन्तरपार्टी महिला सञ्जाल - ललितपुर जिल्ला शाखा

| क्र.स. | नाम | पद | संबद्ध दल/संस्था |
|---|---|---|---|
| १ | शारदा चित्रकार | सभापति | नेपाली कांग्रेस |
| २ | देवकी श्रेष्ट | उप सभापति | नेकपा (एमाले) |
| ३ | लिला श्रेष्ट | सचिब | नेकपा (माले) |
| ४ | उमा आचार्य | कोषाध्यक्ष | नेका(प्रजातान्त्रिक) |
| ५ | सूर्यवती डंगोल | सदस्य | नेका (प्रजातान्त्रिक) |
| ६ | सुशिला फुयाल | सदस्य | नेकपा (एमाले) |
| ७ | पार्वती मल्ल | सदस्य | नेकपा (माले) |
| ८ | कौशला थापा | सदस्य | राप्रपा |
| ९ | विमला कुमारी शाह | सदस्य | सद्भावना (आनन्दीदेवी) |
| १० | बिना शाह | सदस्य | सद्भावना(आनन्दीदेवी) |
| ११ | स्वस्थानी सम्बाहाम्फे | सदस्य | नेका (प्रजातान्त्रिक) |

### अन्तरपार्टी महिला सञ्जाल - सिन्धुपाल्चोक जिल्ला शाखा

| क्र.स. | नाम | पद | संबद्ध दल/संस्था |
|---|---|---|---|
| १ | लिला नेपाल | सभापति | नेपाली कांग्रेस |
| २ | कमला खड्का | उप सभापति | नेका |
| ३ | भगवती नेपाल | सचिब | एमाले |
| ४ | निर्मला श्रेष्ट | कोषाध्यक्ष | राप्रपा |
| ५ | लक्ष्मी ढुंगेल | सदस्य | जनमोर्चा |
| ६ | एलिसा योन्जन | सदस्य | नेका (प्रजातान्त्रिक) |
| ७ | उर्मिला लामा | सदस्य | नेका |
| ८ | भगवती दंगाल | सदस्य | जनमोर्चा |
| ९ | कृष्णकुमारी ठकुरी | सदस्य | नेकपा (माले) |
| १० | मुना माझी- | सदस्य | नेकपा (माले) |
| ११ | नन्द कुमारी घले | सदस्य | एमाले |
| १२ | गौरी न्यौपाने- | सदस्य | राप्रपा |

### अन्तरपार्टी महिला सञ्जाल - काभ्रेपलान्चोक जिल्ला शाखा

| क्र.स. | नाम | पद | संबद्ध दल/संस्था |
|---|---|---|---|
| १ | चन्द्रलक्ष्मी ताम्राकार- | सभापति | नेपाली कांग्रेस |
| २ | गोमा डोटेल | उप सभापति | एमाले |
| ३ | शरस्वती बैद्य | सचिब | नेका (प्रजातान्त्रिक) |
| ४ | रमा बोहरा | कोषाध्यक्ष | बाममोर्चा |
| ५ | निर्मला शाही | सदस्य | एमाले |
| ६ | सुभद्रा दहाल | सदस्य | बाममोर्चा |
| ७ | जीवन बादे श्रेष्ट | सदस्य | नेका |
| ८ | ल्हासा लामा | सदस्य | जनमोर्चा |
| ९ | कमला माली | सदस्य | जनमोर्चा नेपाल |
| १० | रीता तिमल्सिना | सदस्य | नेका (प्रजातान्त्रिक) |

### अन्तरपार्टी महिला सञ्जाल - दोलखा जिल्ला शाखा

| सि.नं. | नाम | पद | राजनीतिक दल |
|---|---|---|---|
| १ | सृजना कार्की | अध्यक्ष | नेकपा एमाले |
| २ | यशोदा कार्की | उपाध्यक्ष | नेकपा माले |
| ३ | कल्याणी रिमाल | सचिव | ने.का. |
| ४ | सविता न्यौपाने | कोषाध्यक्ष | ने.का.प्र. |
| ५ | सरस्वती बस्नेत | सदस्य | नेकपा एमाले |
| ६ | कृष्णकुमारी खड्का | सदस्य | ने.का. |
| ७ | हिरामाया थामी | सदस्य | ने.का.प्र. |
| ८ | कल्पना राउत | सदस्य | नेकपा माले |
| ९ | बेलकुमारी मोक्तान | सदस्य | रा.प्र.पा. |
| १० | छङली शेर्पा | सदस्य | रा.प्र.पा. |

## (ख) भगिनी संगठनहरुको केन्द्रीय सञ्जाल

| क्र.स. | नाम | पद | संबद्ध दल/संस्था | ठेगाना |
|---|---|---|---|---|
| १ | विद्यादेवी भण्डारी | सभापति | एमाले<br>फोन: ४४८४३२२, ९८५१०२३२५६ | चाबहिल |
| २ | मीना पाण्डे | उप सभापति | नेपाली कांग्रेस | |
| ३ | उमा अधिकारी | सचिब | नेपाली कांग्रेस | |
| ४ | गंगा वेलवासे | कोषाध्यक्ष | जनमोर्चा नेपाल | |
| ५ | आशा चतुर्वेदी | सदस्य | सद्भावना | |
| ६ | सीता सुवेदी- | सदस्य | नेकपा संयुक्त/मार्क्सबादी | |
| ७ | सीता खड्का | सदस्य | नेकपा (माले) | |

## (ग) महिला सुरक्षा दवाव समूह

### केन्द्रीय समिति

| क्र.स. | नाम | पद | संबद्ध दल/संस्था | ठेगाना |
|---|---|---|---|---|
| १ | साहना प्रधान | सभापति | एमाले<br>फोन: ५५२४०३१, ९८४१५६९८१६ | सानेपा |
| २ | शारदा पोखरेल | उप सभापति | गैसस महासंघ | |
| ३ | सावित्री थापा | सचिब | साप नेपाल | |
| ४ | कल्याणी शाह | कोषाध्यक्ष | नेकपा संयुक्त/मार्क्सबादी | |
| ५ | उमा अधिकारी | सदस्य | नेपाली कांग्रेस | |
| ६ | राधा ज्ञवाली | सदस्य | एमाले | |
| ७ | उर्मिला पाण्डे | सदस्य | सद्भावना | |
| ८ | दुर्गा राना | सदस्य | राप्रपा | |
| ९ | दुर्गा सोब | सदस्य | उत्पीडित समुदाय | |
| १० | तुला राना | सदस्य | बियोन्ड बेइजिङ | |
| ११ | कल्पना रिजाल | सदस्य | एमाले | |
| १२ | पूर्णशोभा चित्रकार | सदस्य | एमाले | |



एउटा प्रतिनिधिमण्डलमा सहभागी महिला सुरक्षा दवाव समूहका पदाधिकारीहरू

### महिला सुरक्षा दवाव समूह - रुपन्देही जिल्ला शाखा

| क्र.स. | नाम | पद |
|---|---|---|
| १ | पुष्पान्जली उपाध्याय | सभापति |
| २ | रमा अर्याल | उप सभापति |
| ३ | गंगा शाही | सचिब |
| ४ | जानकी न्यौंपाने | सदस्य |
| ५ | कमला बि.क | सदस्य |
| ६ | कमला कुंवर- | सदस्य |
| ७ | माया भण्डारी- | सदस्य |
| ८ | रिता बि.क.- | सदस्य |
| ९ | मैना भण्डारी | सदस्य |

### महिला सुरक्षा दवाव समूह - कैलाली जिल्ला शाखा

| क्र.स. | नाम | पद |
|---|---|---|
| १ | सीता के.सी. | सभापति |
| २ | गिता सोदरी | उप सभापति |
| ३ | रत्ना विष्ट | महासचिब |
| ४ | महेश्वरी चन्द | कोषाध्यक्ष |
| ५ | सुशिला बी.सी. | सदस्य |
| ६ | लक्ष्मी भण्डारी | सदस्य |
| ७ | तारा शर्मा. | सदस्य |
| ८ | यशोदा भण्डारी | सदस्य |
| ९ | कोमल भट्ट.- | सदस्य |
| १० | मीना बास्तोला | सदस्य |
| ११ | इन्दु चौधरी.- | सदस्य |

### नेपाल गणतान्त्रिक महिला मन्च -रुपन्देही

| क्र.स. | नाम | पद |
|---|---|---|
| १ | तारा शर्मा | सभापति |
| २ | बिन्दू लामिछाने | सचिब |
| ३ | सरश्वती अधिकारी | सदस्य |
| ४ | लिला क्षेत्री | सदस्य |
| ५ | धनमाया थापा | सदस्य |
| ६ | गीता पोखरेल | सदस्य |
| ७ | रिमा थापा | सदस्य |
| ८ | कल्पना खनाल | सदस्य |
| ९ | लक्ष्मीदेवी शर्मा | सदस्य |
| १० | सिता सुवेदी | सदस्य |
| ११ | लक्ष्मी कोइराला | सदस्य |
| १२ | जानकी ज्ञवाली | सदस्य |
| १३ | गंगा खनाल | सदस्य |
| १४ | कमला पन्थी | सदस्य |
| १५ | शान्ती जी.सी. | सदस्य |
| १६ | सायरा बानु | सदस्य |
| १७ | सुकन्याँ थाइबा | सदस्य |
| १८ | धनीकला कुंवर | सदस्य |
| १९ | याम कुमारी थापा | सदस्य |
| २० | कमला ज्ञवाली | सदस्य |

# महिला लोकतान्त्रिक सञ्जाल गठनको तयारी

पुनर्जागरण समाज नेपालद्वारा देशका ५० जिल्लामा संचालित महिला लोकतान्त्रिक सञ्जाल परियोजना अन्तर्गत जिल्लाहरुमा रहेका प्रमुख राजनीतिक दल एवं तिनका भगनी संगठनहरुका जिल्ला कार्य समितिमा रहने महिलाहरुको सहभागितामा गठन हुने 'महिला लोकतान्त्रिक सञ्जाल' निर्माणका लागि तयारी बैठकहरु सम्पन्न भएका छन्।

- सुनसरीको इटहरीमा फागुन १० गते नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कांग्रेस (प्रजातान्त्रिक), नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) र जनमोर्चा नेपालका जिल्ला प्रमुख एवं महिला नेतृहरुको सहभागितामा बैठक सम्पन्न भयो। सो बैठकमा स्थानीय पत्रकारहरुको समेत उपस्थिति रहेको थियो।
- फागुन १० गते बाँकेको कोहलपुरमा नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कांग्रेस (प्रजातान्त्रिक), नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) र राष्ट्रिय प्रजातन्त्र पार्टीका जिल्ला प्रमुख एवं महिला नेतृहरु लगायत १४ जनाको उपस्थितिमा बैठक बस्यो।
- फागुन १२ गते नेकपा (एमाले) पार्टी कार्यालयको सभाकक्ष, धनगढी, कैलालीमा बसेको बैठकमा नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कांग्रेस (प्रजातान्त्रिक), जनमोर्चा नेपाल (दुई समूह) का जिल्ला प्रमुख एवं महिला नेतृहरु गरी १५ जनाको सहभागिता रहेको थियो।
- फागुन १४ गते नेकपा (एमाले) पार्टी कार्यालयको सभाकक्ष, महेन्द्रनगर, कञ्चनपुरमा बसेको बैठकमा नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कांग्रेस (प्रजातान्त्रिक), जनमोर्चा नेपाल र नेकपा (माओवादी) का जिल्ला प्रमुख एवं महिला नेतृहरु गरी १७ जनाको सहभागिता रहेको थियो।

उल्लेखित जिल्लाका अतिरिक्त बर्दिया र दाङमा फागुन १३ गते र इलाममा फागुन १७ गते यस्तै बैठकहरु सम्पन्न भएको जानकारी प्राप्त भएको छ।

उपरोक्त बैठकहरुमा सञ्जालको गठन, विधान, कार्यविधि एवं संचालन प्रक्रिया समेतका सम्बन्धमा छलफल एवं निर्णय भएको थियो। उल्लेखित बैठकहरुले यस वर्षको मार्च ८ अर्थात् अन्तर्राष्ट्रिय नारी दिवसको दिन विशेष समारोह आयोजना गरी सञ्जाल गठन भएको घोषणा गर्ने निर्णय गरेको जानकारीमा आएको छ।

# महिला लोकतान्त्रिक सञ्जालको विधान, २०६३

## (मस्यौदा प्रस्ताव)

**प्रस्तावना**

लोकतन्त्र, दीगो शान्ती र मानव अधिकारको पूर्ण वहालीको पक्षमा रहेका नेपालका मूल प्रवाहका राजनीतिक दल र तिनका भगिनी संगठनहरुको प्रतिनिधित्व हुने गरी महिला नेतृहरुको अन्तपार्टी सञ्जालले राष्ट्रियता, लोकतन्त्र, शान्ती, सामाजिक न्यायको क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्न सक्ने कुरा महशुस गर्दै एक महिला लोकतान्त्रिक सञ्जाल निर्माण गर्न आवश्यक भएको हुनाले,

देशको राष्ट्रिय नीतिमा प्रभाव पार्न राजनैतीक दलहरुको महत्वपूर्ण भूमिका हुन्छ, तसर्थः विभिन्न तहका महिला नेतृहरुले लोकतन्त्र, मानव अधिकार र लैङ्गिक समानता स्थापना गर्ने कार्यमा सञ्जाल मार्फत एकीकृत राष्ट्रिय सोंच, नीति निर्माण, जनमत सिर्जना र संयुक्त अभियान संचालन मार्फत प्रभावकारी कार्यान्वयनको क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्न सक्ने हुनाले,

राजनीतिमा महिलाहरुको संलग्नता र अर्थपूर्ण पदहरुमा उनीहरुको उपस्थिति र प्रभावकारी भूमिका सधैं एक चुनौतीका रुपमा रहेको छ। विभिन्न संघ-संस्थाहरुले यी सवालहरु उठाउँदै केही कामहरु गरेका छन् तर वास्तविक रुपमा राजनीतिक क्षेत्रमै संलग्न महिला नेतृहरुले मात्र यी विषयहरुलाई प्रत्यक्ष्य अनुभूत गरेको हुंदा राजनीतिमा महिला सहभागिताका अप्ठेरापन, चुनौतीहरु र समाधानका उपायहरु पहिल्याउन महत्वपूर्ण प्रयास गर्न सक्ने हुनाले,

महिला नेतृहरु स्वयंको योग्यता, क्षमता र विषयबोधको सीमा बिस्तारित भएमा मात्र विधिहरु निर्माण गर्ने तथा तिनको प्रभावकारी कार्यान्वयन गर्ने विषयमा धेरै सफलताहरु प्राप्त गर्न सकिने हुनाले,

स्थानीय देखि केन्द्रिय तहसम्मका राजनीतिक संगठनात्मक संरचना र राज्य संचालनका हरेक ठाँउमा महिला सहभागिता अभिवृद्धि एवं समावेशीकरणको लागि सञ्जालले महत्वपूर्ण भूमिका खेल्नसक्ने हुनाले,

उपरोक्त विषयहरुमा देशका विज्ञहरु, राजनीतिक पार्टीका महिला तथा पुरुष नेतृत्व वर्ग, सबै तहका जनप्रतिनिधिहरु समेतलाई क्रियाशील गराई कार्य गर्ने हेतुले,

मानव संसाधन, विविध स्रोत र साधनहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोगहरुको उचित परिचालन एवं सहयोग प्राप्त गर्दै सञ्जालको उद्देश्यहरुसंग प्रत्यक्ष वा परोक्ष सम्वन्ध राख्ने एक वा सबै पक्षहरुसंग मिलेर अगाडी बढ्न प्रमुख राजनीतिक दल र तिनका भगिनी संगठनका महिला नेतृहरुको नेतृत्वमा संचालन हुनेगरी **महिला लोकतान्त्रिक सञ्जाल (Women's Democratic Network)** गठन गरिएको छ।

### परिच्छेद - १
### प्रारम्भिक

**१. सञ्जालको नाम र प्रारम्भ**

क) सञ्जालको नाम :- यस सञ्जालको नाम **महिला लोकतान्त्रिक सञ्जाल** र अंग्रेजीमा यसलाई "Women's Democratic Network" भनिने छ। यसलाई छोटकारीमा "WDN" भनिने छ।

ख) यो विधान सञ्जालको गठन भई त्यसबाट स्वीकृत भएपछि तुरुन्त लागू हुनेछ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा -

(क) "सञ्जाल" भन्नाले "महिला लोकतान्त्रिक सञ्जाल" भन्ने बुझ्नु पर्दछ।

(ख) "विधान" भन्नाले महिला लोकतान्त्रिक सञ्जालको विधान २०६३ भन्ने बुझ्नुपर्दछ।

(ग) "कार्य समिति" भन्नाले यस सञ्जालको कार्यकारिणी समितिलाई बुझ्नु पर्दछ।

(घ) "पदाधिकारी" भन्नाले यस सञ्जालको अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव, कोषाध्यक्ष र कार्यकारिणी समितिमा रहेका सदस्यहरुलाई बूझ्नु पर्दछ।

(ङ) "सदस्य" भन्नाले यस विधान अन्तर्गत सदस्यता प्राप्त गर्ने व्यक्तिलाई बुझ्नु पर्दछ।

(च) "संस्थापक सदस्य" भन्नाले यो सञ्जालको स्थापना गर्दा कार्य समितिमा रही दस्तखत गर्ने व्यक्तिहरुलाई बुझ्नु पर्दछ।

**३. सञ्जालको चिन्ह र छाप**

(क) सञ्जालको चिन्ह (लोगो) :- यस सञ्जालको आफ्नो छुट्टै छाप र सञ्जालको उद्देश्य झल्काउने गरि बनाईएको एक संस्थागत चिन्ह (लोगो) हुनेछ।

**४. सञ्जालको कार्यालय तथा कार्यक्षेत्र**

(क) सञ्जालले निर्वाचन क्षेत्र, जिल्ला, अञ्चल र केन्द्रीय स्तरमा समेत कार्यालय स्थापना गरी कार्य गर्न सक्नेछन्।

(ख) दफा ४ (क) अनुसार खोलिएका विभिन्न कार्यालयहरु यस सञ्जालको विधान तथा नियमावलीको अधिनमा रही संचालन हुनेछन्।

(ग) यो सञ्जाल एक स्वतन्त्र अविछिन्न अधिकारवाला राजनीतिक मञ्च हुनेछ।

### परिच्छेद - २
### उद्देश्यहरु

**५. सञ्जालका उद्देश्यहरु**

महिला लोकतान्त्रिक सञ्जालले आफ्नो लक्ष्य प्राप्तिको लागि प्राथमिकताका साझा विषयहरुको किटानी र अन्य साझा सवालहरु पहिल्याउने र त्यसको लागि आ-आफ्नो पार्टी र राष्ट्रिय स्तरमा नै त्यस्ता नीति निर्माण गरी प्रभावकारी कार्यान्वयनका लागि संयुक्त प्रयास र अभियानहरु संचालन गर्नेछ। महिला लोकतान्त्रिक सञ्जालको गठन गर्ने दौरानमा तात्कालीन साझा विषयहरु निम्नानुसार तय गरिएको छ।

१. लोकतन्त्र, दिगो शान्ती र मानव अधिकार,

२. राजनीतिक पार्टी, राज्य संरचना लगायत संपूर्ण क्षेत्रमा समानुपातिक प्रतिनिधित्व,

३. द्वन्द्व प्रभावित महिलाहरुको मानव अधिकारको संरक्षण, सुरक्षा र पुनर्स्थापनाको व्यवस्था,

४. महिला हिंसा, दुर्व्यवहार, कुरीति र कुप्रथा विरुद्ध अभियान,

५. सकारात्मक विभेदका कार्यक्रमहरु,

६. शिक्षा, रोजगारी, सामाजिक सुरक्षा, क्षेत्रीय सन्तुलन र समावेसीकरणको प्रत्याभूती,

७. महिलाविरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मुलन सम्वन्धी महासन्धिको प्रभावकारी कार्यान्वयन र पूर्ण पालनाको लागि पहल गर्ने,

८. महिला अधिकारको क्षेत्रमा विद्यमान कानूनहरु बारे जानकारी र तिनको प्रभावकारी कार्यान्वयनको लागि सशक्त अभियान संचालन गर्ने।

उपरोक्त उद्देश्यहरु प्राप्त गर्नका लागि महिला लोकतान्त्रिक सञ्जालले निम्न गतिविधिहरु गर्नेछ :

१. महिलाहरुको राजनीतिक अधिकारको लागि वकालत, वहश पैरवी र संरक्षण गर्ने।

२. महिलाहरुको समानुपातिक प्रतिनिधित्वको लागि साझा दृष्टिकोण निर्माण गरी संयुक्त अभियानहरु संञ्चालन गर्ने।

३. लैङ्गिक समानताको लागि समुदाय, राष्ट्रिय र अर्न्तराष्ट्रिय स्तरमा प्रयासहरु गर्ने।

४. संञ्चार माध्यमहरुलाई लैङ्गिक संवेदनशीलता अभिवृद्धि र असमानता विरुद्ध जनचेतना अभिवृद्धिको लागि परिचालन गर्ने, आदि।

५. महिलाहरुको राजनीतिक क्षमता अभिवृद्धिका लागि तालिम, प्रशिक्षण र शैक्षिक कार्यक्रमहरु संचालन गर्ने।

६. महिलाहरुको राजनीतिक भूमिका संवन्धमा अध्ययन, अनुसन्धान गर्ने।

७. महिला विरुद्ध हुने हिंसा र चेलीवेटी वेचविखन विरुद्ध अभियानहरु संचालन गर्ने।

८. सञ्जालको प्रभावकारी संञ्चालनको लागि आवश्यक नियम विनियमहरुको तर्जुमा गर्ने।

९. स्थानीय निकायहरु, राष्ट्रिय योजना आयोग, विभिन्न मन्त्रालयहरु तथा अन्य सम्वन्धित निकाय एवं कार्यालयहरुको कार्यक्रम, बजेट आदिमा लैंगिक अवधारणालाई सुनिश्चित गर्न प्रभावकारी भूमिका निर्वाह गर्ने।

१०. विभिन्न संघ-संस्थाहरुसंग समन्वय कायम गरी साझा उद्देश्य प्राप्तितर्फ उनीहरुलाई उन्मुख गराउने।

११. सञ्जालले आवश्यक ठानेका अन्य कामहरु गर्ने गराउने।

### परिच्छेद - ३
### सदस्यता

**६. सदस्यताको योग्यता**

(क) यस सञ्जालको विधानलाई स्वीकार गर्ने।

(ख) नेपाली नागरिक।

(ग) प्रमुख राजनीतिक दल वा तिनका भगिनी संगठनको सदस्यता प्राप्त गरेका महिला नेतृहरु।

**७. सदस्यताको प्रकार**

(१) यस सञ्जालको पवित्र उद्देश्य अनुरुप कार्य गर्ने र निस्वार्थ भावना भएका व्यक्तिहरुलाई देहाय बमोजिमको सदस्यता प्रदान गर्न सकिने छ ।

(क) संस्थापक सदस्यता

(ख) साधारण सदस्यता

(ग) मानार्थ सदस्यता

(२) सञ्जालको स्थापना हुँदा बनेका सदस्यहरुलाई संस्थापक सदस्य मानिनेछ ।

(३) तोकिएको योग्यता पुगेको तथा सञ्जालको विधानलाई विना शर्त स्वीकार गर्ने कुनै पनि नेपाली नागरिकलाई कार्यसमितिले साधारण सदस्यता प्रदान गर्न सक्नेछ ।

(४) सञ्जालको उद्देश्य अनुरुप विशिष्ट योगदान क्षेत्रका विशिष्ट स्वदेशी तथा विदेशी नागरिकलाई कार्यसमितिको निर्णय अनुसार मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ । मानार्थ सदस्यलाई सञ्जालको निर्वाचनमा मत दिने अधिकार हुने छैन ।

**८. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि**

(१) यस सञ्जालको कुनै पनि किसिमको सदस्य हुन चाहेमा योग्यता पुगेका व्यक्तिले देहाय बमोजिमको शुल्क बुझाउनु पर्नेछ ।

(क) प्रवेश शुल्क रु. २५/-

(ख) वार्षिक सदस्यता नवीकरण शुल्क रु. १००/-

(२) सदस्यता प्रदान गर्ने विधि

यस सञ्जालको सदस्यता लिन इच्छुक योग्य व्यक्तिले दफा ८ को उपदफा १ बमोजिम शुल्क बुझाई सञ्जालले तोकिएको ढाँचामा दरखास्त पेश गर्नु पर्नेछ । कार्य समितिले मनासिव ठानेमा निवेदकलाई आवश्यक प्रकृया पुरा गराई सञ्जालको सदस्यता प्रदान गर्न सक्नेछ ।

(३) सदस्यता नवीकरण

(क) सञ्जालका सदस्यले प्रत्येक वर्ष सदस्यताको म्याद समाप्त भएको तीन महिना भित्र सदस्यता नवीकरण गराउनु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिमको म्याद संस्थापक र मानार्थ सदस्यको हकमा लागू हुनेछैन ।

(ग) म्यादभित्र नवीकरण नगरेमा सदस्यता स्वतः खारेज हुनेछ ।

**९. सदस्यताको अयोग्यता**

देहाएका व्यक्तिहरु सदस्य बन्न वा रहन सक्ने छैनन् :

(क) दफा ६ को योग्यता नपुगेको व्यक्ति ।

(ख) नैतिक पतन ठहरिने सजाय पाएको व्यक्ति ।

(ग) मानसिक सन्तुलन बिग्रेमा ।

(घ) विगतमा सञ्जाल, राजनीतिक पार्टी, सरकारी र सामाजिक संस्थाको सम्पत्ति हिनामिना गरेको भएमा ।

(ङ.) लोकतन्त्र, मानव अधिकार र स्वतन्त्र अभिव्यक्ति विरुद्ध लागी निरकुंशताको पक्षपोषण गरेको प्रमाणित भएमा ।

(च) तोकिएको म्याद भित्र सदस्यता नवीकरण नगराएमा ।

(छ) सदस्यबाट राजीनामा दिई स्वीकृत भएमा ।

(ज) मृत्यू भएमा ।

(झ) विधान विपरित कार्य गरेको ठहर गरी साधारण सभाले सदस्यता खारेज गरेमा ।

## परिच्छेद - ४
## साधारण सभा तथा कार्यसमिति

**१०. साधारण सभाको गठन**

यस विधानको दफा ७ बमोजिम सदस्यता प्राप्त गरेका व्यक्तिहरुको प्रतिनिधित्वद्धारा साधारण सभाको गठन हुनेछ । यो सभा नै सञ्जालको सर्वोच्च अंग हुनेछ ।

**११. साधारण सभाको अधिवेशन**

(क) साधारण सभा सामान्यतया दुई वर्षको एक पटक बस्नेछ ।

(ख) कार्यसमितिको अध्यक्षको आदेश अनुसार सचिवले साधारण सभाको बैठक बोलाउनेछन् ।

(ग) साधारण सभाको अधिवेशन हुने स्थान, समय, मिति र छलफलको विषयको उल्लेख गरी १५ दिन अगावै सम्पूर्ण सदस्यहरुलाई लिखित सूचना दिनुपर्ने छ ।

(घ) सम्पूर्ण सदस्य संख्याको ५१ प्रतिशत सदस्य उपस्थित नभई साधारण सभाको अधिवेशन बस्न सक्ने छैन । पहिलो पटक गणपुरक संख्या नपुगे पुनः सोही विषयमा दोस्रो पटक बोलाउनु परेमा सोको गणपूरक संख्या सम्पूर्ण संख्याको एकतिहाई हुनेछ ।

(ङ) साधारण सभामा उपस्थित सदस्यहरुको बहुमतद्वारा निर्णय गरिनेछ । तर, विधान संसोधन प्रस्ताव उपर छलफल वा पारित गर्नु परेमा सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमत चाहिनेछ ।

(च) साधारण सभाको सभापतित्व कार्य समितिको अध्यक्षले गर्नेछ ।

**१२. साधारण सभाको काम, कर्तव्य र अधिकार**

(क) अघिल्लो साधारण सभा पश्चात कार्य समितिले गरेका कामहरुको मूल्याङ्कन र समीक्षा गर्ने, आगामी दिनका लागि आवश्यक नीति र कार्यक्रमहरु निर्माण गर्ने ।

(ख) नयाँ कार्य समितिको चयन गर्ने ।

(ग) सञ्जालको वार्षिक प्रतिवेदन सुन्ने र त्यस सम्बन्धमा छलफल गर्ने ।

(घ) आवश्यकता अनुसार विधान संशोधन गर्ने ।

(ङ) सञ्जालको सर्वोच्च अंगको रुपमा काम गर्ने ।

(च) सञ्जालको लेखापरीक्षण गराउनको लागि आवश्यक नीति तर्जुमा गर्ने ।

**१३. कार्य समितिको गठन :-**

(क) यस सञ्जालको संचालन, प्रशासन र अरु आवश्यक व्यवस्था गर्नका लागि कम्तिमा ११ जना र बढीमा १५ जनाको एक कार्य समितिको गठन साधारण सभाले गर्नेछ ।

(ख) कार्य समितिको गठन सञ्जालका संस्थापक र साधारण सदस्यहरु मध्येबाट हुनेछ । कार्य समितिमा यथासम्भव सबै राजनीतिक दलको प्रतिनिधित्व हुने र दलित, आदिवासी, जनजाति एवं मधेशी समेतको सहभागिता रहने व्यवस्था मिलाउनु पर्नेछ ।

(ग) साधारण सभाले निर्वाचित गरेको कार्यसमितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव, कोषाध्यक्ष र सदस्य पदहरु रहनेछन् ।

(घ) प्रथम साधारण सभाले निर्वाचित नगरेसम्म यस विधानलाई मानी संस्थापक सदस्यहरु द्वारा वनेको कार्यसमितिलाई नै प्रथम कार्य समिति मानिने छ ।

(ङ) कार्य समितिको पदावधि दुई वर्षको हुनेछ ।

**१४. कार्य समितिको बैठक**

(क) कार्य समितिको बैठक सामान्यतया महिनामा एकपटक बस्नेछ ।

(ख) कार्य समितिको बैठक बस्नको लागि कूल सदस्य संख्याको ५१ प्रतिशत सदस्य अनिवार्य उपस्थित हुनुपर्ने छ ।

(ग) कार्य समितिका बैठक बस्ने सूचना कम्तिमा पाँच दिन अगावै सम्बन्धित सदस्यहरुलाई समय, स्थान, मिति र विषय सूचीको लिखित रुपमा जानकारी दिनुपर्ने छ ।

(घ) कार्य समितिमा प्रस्तुत प्रस्ताव उपस्थित सदस्यहरुको बहुमतबाट पारित हुनेछ ।

**१५. कार्य समितिको काम, कर्तव्य र अधिकार**

(क) कार्यालय सञ्चालन गर्ने ।

(ख) दैनिक कार्य सञ्चालनका लागि आवश्यक पर्ने नियम विनियमहरु बनाउने र कामहरुको जिम्मेवारी दिने ।

(ग) चालु कार्यक्रमहरुको निरीक्षण, मूल्याङ्कन र समीक्षा गर्ने ।

(घ) साधारण सभाले पास गरेका नीतिहरुलाई कार्यान्वयन गर्ने ।

(ङ) सञ्जालको उद्देश्य प्राप्तिका लागि आवश्यक कार्ययोजना तयार पार्ने ।

(च) पहिलो साधारण सभाको अधिवेशन नबसुन्जेल सम्मको लागि सञ्जालको सर्वोच्च नेतृत्वदायी अङ्गको रुपमा सम्पूर्ण कामहरु गर्ने ।

(छ) वार्षिक कार्यक्रम तयार गर्ने ।

(ज) आवश्यकतानुसार विभिन्न समिति, उपसमिति तथा कार्यदल गठन गर्ने ।

(झ) आवश्यकता अनुसार सदस्यहरुलाई जिम्मेवारी दिने, कर्मचारीहरु नियुक्ति गर्ने तथा पदहरुको सिर्जना तथा व्यक्तिहरुको हेरफेर गर्ने ।

## परिच्छेद - ५
## पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

**१६. अध्यक्षको काम, कर्तव्य र अधिकार**

(क) साधारण सभा र कार्य समितिको बैठकको अध्यक्षता गर्ने, कार्यसमिति र साधारण सभामा मत विभाजन भई मत बराबर भएमा निर्णायक मत दिने ।

(ख) सञ्जालको नेतृत्व गर्दै पदाधिकारीहरुको काम बाँडफाँड गर्ने र आवश्यक निर्देशन दिने ।

(ग) कार्यसमितिको बैठक नबसेको अवस्थामा कुनै कार्य गर्न आवश्यकता देखिएमा सो कार्य गरी पछि हुने बैठकमा सोको अनुमोदनको लागि पेश गर्ने ।

(घ). बैठक बोलाउनका लागि सचिवलाई निर्देशन गर्ने ।

(ङ) कार्य समितिलाई निर्देशन र आवश्यक परामर्श दिने ।

(च) योजना कार्यान्वयन र मूल्यांकनका लागि आवश्यक नीति निर्देशन दिने ।

(छ) कार्यसमितिले निर्णय गरी जिम्मेवारी दिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**१७. उपाध्यक्षको काम, कर्तव्य र अधिकार**

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कामहरु गर्ने ।

(ख) कार्यसमितिले तोकेअनुसार संस्थाको अन्य काम गर्ने र सबै किसिमको सहयोग पुऱ्याउने ।

(ग) अध्यक्षलाई आवश्यक सल्लाह, सुझाव तथा सहयोग गर्ने ।

**१८. सचिवको काम, कर्तव्य र अधिकार**

(क) अध्यक्षको निर्देशन अनुसार कार्यसमिति र साधारण सभाको बैठक बोलाउने र सो बैठकको लागि छलफलका विषयहरुको सूची तयार पार्ने ।

(ख) साधारण सभा, अधिवेशन तथा कार्य समितिको बैठकमा भएको निर्णयहरु कार्यान्वयन गर्ने, गराउने ।

(ग) सञ्जालको कार्यालय, शाखा कार्यालय आदिको प्रशासकीय कुरामा रेखदेख र नियन्त्रण गर्ने तथा निर्देशन दिने ।

(घ) कार्यसमिति र अन्य समितिहरु बीच समन्वय कायम गर्ने ।

(ङ) सञ्जालको सम्पूर्ण प्रशासनिक तथा व्यवस्थापनका कार्यहरु गर्ने ।

(च) बैठकमा पेश हुने विषयका प्रतिवेदन तथा प्रस्तावहरुको मस्यौदा तयार पार्ने ।

(छ) साधारण सभाका लागि कार्य प्रगति प्रतिवेदन तथा वार्षिक प्रतिवेदनको तयारी गर्ने ।

**१९. सह-सचिवको काम कर्तव्य र अधिकार**

(क) सचिवको अनुपस्थितिमा सचिवका संम्पूर्ण कार्यहरु गर्ने ।

(ख) सचिवलाई आवश्यक सुझाव र सरसहयोग गर्ने ।

(ग) सचिवको निर्देशन अनुरुप काम गर्ने ।

**२०. कोषाध्यक्षको काम कर्तव्य र अधिकार**

(क) सञ्जालको आय-व्ययको हिसाब दुरुस्त राख्ने र आय-व्ययको अनुमान तथा साधारण सभामा आर्थिक प्रतिवेदन पेश गर्ने ।

(ख) आर्थिक कारोबार सम्बन्धी कार्यको रेखदेख तथा नियन्त्रण गर्ने तथा त्यस सम्बन्धी आवश्यक निर्देशन दिने ।

(ग) अध्यक्ष तथा सचिवले दिएको निर्देशन अनुरुप कार्य गर्ने ।

(घ) सञ्जालको आम्दानी वृद्धिका लागि सक्रिय रहने ।

(ङ) सञ्जालको जिन्सी तथा चल-अचल सम्पत्तिको अभिलेख दुरुस्त राख्ने तथा तिनको संरक्षण, सम्वर्धन, रेखदेख गर्ने र आर्थिक योजना तयार पार्ने ।

(च) सञ्जालको आय-व्ययको लेखा परीक्षण गराउने ।

**२१. सदस्यहरुको काम कर्तव्य र अधिकार**

(क) बैठकमा नियमित उपस्थित हुने, राय प्रस्तुत गर्ने, छलफल गर्ने र निर्णय दिने ।

(ख) आफूलाई जिम्मेवारी दिईएको कार्यहरु सम्पादन गर्ने ।

(ग) सञ्जालको उद्देश्य प्राप्तिको लागि कटिवद्ध रहने ।

## परिच्छेद - ६
## आर्थिक व्यवस्था

**२२. सञ्जालको आयश्रोत**

यो सञ्जालको आर्थिक स्रोत निम्नानुसार हुने छ :

(क) सञ्जाल सदस्यहरुवाट उठेको सदस्यता शुल्क ।

(ख) सरकारवाट प्राप्त हुने अनुदान ।

(ग) विभिन्न राष्ट्रिय र अर्न्तराष्ट्रिय सहयोगी संस्थाहरुवाट प्राप्त हुने आर्थिक, भौतिक र अन्य सहयोगहरु ।

(घ) शुभचिन्तक र शुभेच्छुकहरुवाट प्राप्त हुने चन्दा, सहयोग, आदि ।

(ङ.) सञ्जालको उद्देश्य अनुरुप संचालन गरिएको समारोह र कार्यक्रमबाट प्राप्त रकम ।

(च) सञ्जालको चल अचल सम्पत्तिबाट प्राप्त रकम ।

(छ) अन्य विविध श्रोतहरु ।

**२३. आर्थिक वर्ष**

यस सञ्जालको आर्थिक वर्ष भन्नाले प्रत्येक श्रावण महिनाको शुरुदेखि असार महिनाको मसान्त सम्मको अवधिलाई बुझ्नुपर्दछ ।

**२४. चल अचल सम्पत्तिको विवरण**

यस सञ्जालको कार्यसमितिले तोकेको ढाँचामा व्यक्ति सरह चल अचल सम्पत्तिको लेनदेन गर्न सक्नेछ ।

**२५. कोष**

(क) आर्थिक व्यवस्थाको दफा २२ मा उल्लेख गरे बमोजिम प्राप्त रकमबाट सञ्जालको एउटा छुट्टै कोष खडा गरिनेछ ।

(ख) यस सञ्जालले मान्यता प्राप्त बैंकमा खाता संचालन गर्न सक्नेछ ।

(ग) कोष संचालन गर्दा यस सञ्जालका अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त हस्ताक्षरमा बैंक खाता खोलिनेछ । यो खाता उपरोक्त तीन जना मध्ये कुनै दुई जनाको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ । तर सञ्जालको दैनिक कार्य सञ्चालनमा सरलताको लागि खाता सञ्चालन गर्दा कार्यसमितिको निर्णय अनुसार अन्य व्यवस्था पनि गर्न सकिने छ ।

**२६. लेखा परीक्षण**

(क) मान्यता प्राप्त लेखापरीक्षकबाट हरेक आर्थिक वर्षको लेखापरीक्षण गराइने छ ।

(ख) सञ्जालको आय-व्यय विवरण र लेखापरीक्षणको प्रतिवेदन प्रत्येक साधारण सभामा प्रस्तुत गरी पारीत भएपछि प्रकाशित गर्न सकिने छ ।

## परिच्छेद - ७
## विविध

**२७. निर्वाचन सम्बन्धी व्यवस्था**

(क) सबै प्रकारको निर्वाचन खुला वा गोप्य दुबै तरिकाबाट गर्न सकिनेछ ।

(ख) कार्यसमिति छनौटको लागि साधारण सभाले बढीमा ५ जनाको निर्वाचन समिति गठन गर्नेछ र समितिले निर्वाचन सम्पन्न गराउनेछ ।

(ग) निर्वाचन सम्बन्धी नियमहरु निर्वाचन समितिले नै तयार गर्नेछ ।

(घ) निर्वाचन सम्बन्धी बिषयमा निर्वाचन समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

(ङ) निर्वाचन समितिले आवश्यक ठानेमा निश्चित जिम्मेवारी सहित आफूहरुमध्येबाट वा कुनै सम्बन्धित क्षेत्रको विशेषज्ञलाई निर्वाचन अधिकृत नियुक्त गर्न सक्नेछ ।

(च) सञ्जालको संस्थापक र साधारण सदस्यहरु मात्र निर्वाचनमा उम्मेद्वार र मतदाता हुन पाउनेछन् ।

(छ) मतदाता हुनका लागि सदस्यता प्राप्त गरेको ३५ दिन पुगिसकेको हुनुपर्नेछ तर उम्मेदवार हुनलाई सदस्यता प्राप्त गरेको ५ महिना पुगेको हुनुपर्नेछ ।

(ज) सञ्जाल औपचारिक रुपमा गठन भएको २ वर्ष भित्र कार्यसमितिले विधानअनुसार निर्वाचन गराउनु पर्नेछ ।

**२८. उम्मेदवारको अयोग्यता**

देहायका व्यक्तिहरु सञ्जालको निर्वाचनमा उम्मेदवार हुन अयोग्य हुनेछन् :

(क) यस विधानको धारा ९ मा उल्लेख गरे बमोजिमका व्यक्तिहरु ।

(ख) सञ्जालको सदस्य नभएका व्यक्तिहरु ।

(ग) मानार्थ सदस्यहरु ।

(घ) निर्वाचन समितिका सदस्यहरु र निर्वाचन अधिकृत ।

**२९. अविश्वासको प्रस्ताव**

साधारण सभाका एक तिहाई साधारण सदस्यहरुद्वारा कुनै पनि पदाधिकारी वा सदस्य उपर अविश्वासको प्रस्ताव दर्ता गराउन सक्नेछन् । कुनै सदस्य वा पदाधिकारी उपर अविश्वासको प्रस्ताव पेश भएमा त्यस्तो प्रस्ताव साधारण सभाको सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतबाट पारित भएमा सो व्यक्ति आफ्नो पदबाट हटेको मानिने छ । तर अभियोग लागेको व्यक्तिलाई सफाईको मौकाबाट भने बञ्चित गरिने छैन ।

**३०. विधान संशोधन**

(क) यो विधान संशोधन गर्ने अधिकार साधारण सभालाई मात्र हुनेछ ।

(ख) विधान संशोधन सम्बन्धी प्रस्ताव कार्यसमितिले आफ्नो सिफारिस सहित साधारण सभामा पेश गर्नुपर्नेछ ।

(ग) यस सञ्जालको विधान संशोधन सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतले मात्र गर्न सक्नेछ ।

**३१. नियम बनाउने**

सञ्जालको कार्य सञ्चालन गर्नको लागि कार्यसमितिले आवश्यकता अनुसार यस विधान अन्तर्गत रही आवश्यक नियम विनियम एवं कार्यविधि बनाउन सक्नेछ ।

**३२. सल्लाहकार**

(क) सञ्जालको हितलाई ध्यानमा राखी सल्लाहकार राख्न आवश्यक ठानेमा कार्यसमितिले सल्लाहकारहरु मनोनित गर्न सक्नेछ ।

(ख) सल्लाहकारको संख्या बढीमा ७ (सात) जनाको हुनेछ ।

**३३. कर्मचारी**

आवश्यक कर्मचारीहरुको व्यवस्था, संख्या, पारिश्रमिक तथा सेवा सुविधाका अन्य शर्तहरु कार्यसमितिले तोके बमोजिम हुनेछ ।

**३४. महासंघ सम्बन्धी व्यवस्था**

जिल्लास्तरीय सञ्जालहरुले आवश्यकतानुसार आफूहरुमध्येबाट प्रतिनिधि चयन गरी राष्ट्रिय अधिवेशनद्वारा लोकतान्त्रिक महिला सञ्जाल महासंघको गठन गर्न सक्नेछन् ।

समाप्त

# महिला लोकतान्त्रिक सञ्जालको कार्यविधि

(मस्यौदा)

लोकतन्त्र, दीगो शान्ति र मानव अधिकारको पूर्ण वहालीको पक्षमा रहेका नेपालका मूल धारका राजनीतिक दलहरुको प्रतिनिधित्व हुने गरी महिला नेतृहरुको अन्तरपार्टी सञ्जालले राष्ट्रियता, प्रजातन्त्र, शान्ति स्थापना र सामाजिक न्यायको क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्न सक्ने कुरा महशुस गर्दै एक महिला लोकतान्त्रिक सञ्जाल निर्माण गरिनेछ। देशको राष्ट्रिय नीतिमा प्रभाव पार्न राजनैतिक दलहरुको महत्वपूर्ण भूमिका हुन्छ। तसर्थः महिला नेतृहरुले प्रजातन्त्र, मानव अधिकार र लैङ्गिक समानता स्थापना गर्ने कार्यमा यो सञ्जाल मार्फत एकीकृत राष्ट्रिय सोंच, नीति निर्माण, जनमत सिर्जना र संयुक्त अभियान संचालन मार्फत प्रभावकारी कार्यान्वयनको क्षेत्रमा भूमिका खेल्न सक्ने कुरा निर्विवाद छ।

राजनीतिमा महिलाहरुको संलग्नता, अर्थपूर्ण पदहरुमा उनीहरुको उपस्थिति र प्रभावकारी भूमिका सधैं एक समस्याको रुपमा रहिआएको छ। हुनत थुप्रै संघ-संस्थाहरुले यी सवालहरु उठाउँदै केही कामहरु गरेका छन्, तर वास्तविक रुपमा राजनीतिक क्षेत्रमै संलग्न महिला नेतृहरुले मात्र राजनीतिमा महिला सहभागिताका अप्ठेरापन, समस्याहरु र समाधानका उपायहरु पहिल्याउन महत्वपूर्ण प्रयास गर्न सक्नेछन्, किनभने उनीहरुले यी विषयहरुलाई प्रत्यक्ष्य अनुभूत गरेका हुन्छन्।

## लक्ष्य

महिला लोकतान्त्रिक सञ्जाल मार्फत लैङ्गिक क्षेत्रमा रहेको असमानतालाई हटाउँदै समतामूलक समाजको निर्माण गर्नु यसको लक्ष्य हुनेछ।

## उद्देश्य

महिला लोकतान्त्रिक सञ्जालले आफ्नो लक्ष्य प्राप्तिका लागि प्रार्थमिकताका साझा विषयहरुको किटानी र अन्य साझा सवालहरु पहिल्याउने र त्यसका लागि आ-आफ्नो पार्टी र राष्ट्रियस्तरमा नै त्यस्ता नीति निर्माण गरी प्रभावकारी कार्यान्वयनका लागि संयुक्त प्रयास र अभियानहरु संचालन गर्नेछ। महिला लोकतान्त्रिक सञ्जालको गठन गर्ने दौरानमा तात्कालीन साझा विषयहरु निम्नानुसार तय गरिएको छ।

१. लोकतन्त्र, दिगो शान्ति र मानव अधिकार,
२. द्वन्द्व प्रभावित महिलाहरुको मानवअधिकारको संरक्षण, सुरक्षा र पुनर्स्थापनाको व्यवस्था,
३. महिला हिंसा, दुर्व्यवहार, कुरीति र कुप्रथा विरुद्ध अभियान,
४. सकारात्मक विभेदका कार्यक्रमहरु,
५. शिक्षा, रोजगारी, सामाजिक सुरक्षा, क्षेत्रीय सन्तुलन र समावेसीकरणको प्रत्याभूति,
६. महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धिको प्रभावकारी कार्यान्वयन र पूर्ण पालनाको लागि पहल गर्ने।

## गठन विधि

(१) लोकतन्त्र, दीगो शान्ति र मानव अधिकारको पूर्ण वहालीको पक्षमा रहेका मूल प्रवाहका राजनीतिक दल र तिनका भगिनी संगठनमा आवद्ध महिला नेतृहरु मिलेर निर्वाचन क्षेत्र, जिल्ला, अञ्चल तथा राष्ट्रियस्तरमा समेत महिला लोकतान्त्रिक सञ्जालको गठन गर्नेछन्।

(२) सबै महिला नेतृहरु सञ्जालका साधारण सदस्य हुन सक्नेछन्। सञ्जालको कार्यलाई सुचारु रुपले संचालन गर्न ११ देखि १५ सदस्य रहेको एक कार्यकारिणी समितिको गठन गरिने छ।

(३) सञ्जालको कार्यकारिणी समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष र सदस्यहरु रहने छन्।

(४) यसरी गठित सञ्जालका पदाधिकारीहरुले आफ्नो जिम्मेवारी र कार्यभार सञ्जालले निर्णय गरे अनुसार वहन गर्नेछन्।

(५) यस सञ्जालको कार्यकारिणी समितिको पदावधि दुई वर्षको हुनेछ।

(६) सञ्जालले आवश्यक ठानेको खण्डमा सातजना सम्म सदस्य रहेको एक सल्लाहकार समितिको चयन गर्न सक्नेछ।

(७) यो सञ्जालको संरचना केन्द्र, अञ्चल र जिल्ला तह सम्म निर्माण गर्न सकिनेछ। यसरी विस्तार गर्दा संस्थापक दलका प्रतिनिधिहरु मात्र रहने छन्।

## गतिविधिहरु

१२. महिलाहरुको राजनीतिक अधिकारको लागि वकालत, वहश पैरवी र संरक्षण गर्ने।
१३. महिला सहभागिता र प्रतिनिधित्वक वृद्धिका लागि साझा दृष्टिकोण निर्माण गरी संयुक्त अभियानहरु संञ्चालन गर्ने।
१४. लैङ्गिक समानताका लागि समुदाय, राष्ट्रिय र अर्न्तराष्ट्रिय स्तरमा प्रयासहरु गर्ने।
१५. संञ्चार माध्यमहरुलाई लैङ्गिक संवेदनशीलता अभिवृद्धि, असमानता विरुद्ध जनचेतना अभिवृद्धिको लागि परिचालन गर्ने।
१६. महिलाहरुको राजनीतिक क्षमता अभिवृद्धिका लागि तालिम, प्रशिक्षण र शैक्षिक कार्यक्रमहरु संचालन गर्ने।
१७. महिलाहरुको राजनीतिक भूमिका संवन्धमा अध्ययन, अनुसन्धान गर्ने।
१८. महिला विरुद्ध हुने हिंसा र चेलीवेटी वेचविखन विरुद्ध अभियानहरु संचालन गर्ने।
१९. संञ्जालको प्रभावकारी संञ्चालनको लागि आवश्यक नियम विनियमहरुको तर्जुमा गर्ने।
२०. स्थानीय निकायहरु, राष्ट्रिय योजना आयोग, विभिन्न मन्त्रालयहरु तथा अन्य सम्बन्धित निकाय एवं कार्यालयहरुको कार्यक्रम, बजेट आदिमा लैंगिक अवधारणालाई सुनिश्चित गर्न प्रभावकारी भूमिका निर्वाह गर्ने।
२१. विभिन्न संघ-संस्थाहरु संग समन्वय कायम गरी साझा उद्देश्य प्राप्तीतर्फ उन्मुख गराउने।
२२. सञ्जालले आवश्यक ठानेका अन्य कामहरु।

## आर्थिक स्रोत

यो सञ्जालको आर्थिक स्रोत निम्नानुसार हुनेछ :

- सञ्जाल सदस्यहरुबाट उठेको सदस्यता शुल्क,
- सरकारबाट प्राप्त हुने अनुदान,
- विभिन्न राष्ट्रिय र अर्न्तराष्ट्रिय सहयोगी संस्थाहरुबाट प्राप्त हुने आर्थिक, भौतिक र अन्य सहयोगहरु,
- शुभचिन्तक र शुभेच्छुकहरुबाट प्राप्त हुने चन्दा, सहयोग, आदि।

## कोषको सञ्चालन

सञ्जालले विभिन्न माध्यमबाट प्राप्त गरेको सहयोगबाट महिला लोकतान्त्रिक सञ्जालको कोष निर्माण हुनेछ। उक्त कोषलाई बैंकमा खाता खोली जम्मा गरिनेछ। यो खाता कार्यकारिणी समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट संचालन गरिने छ र तीन जना मध्ये कुनै दुई जनाको हस्ताक्षरबाट खाता संचालन हुनेछ। यसरी निर्माण भएको कोष सञ्जालको दैनिक कार्यालय खर्च तथा सभा, गोष्ठी र अन्य कार्यक्रमहरुमा खर्च गर्न आवश्यक हुन्छ। खर्चहरुको निर्धारण सञ्जालको निर्णय मुताविक हुनेछ। सञ्जालको कोषको आय-व्ययलाई प्रचलित नियमानुसार व्यवस्थित ढङ्गले राखिने छ र यसको वार्षिक रुपमा लेखा परीक्षण हुनेछ।

## आचार संहिता

महिला लोकतान्त्रिक सञ्जालको एउटा आचार संहिता निर्माण गरिने छ। सञ्जालका संपूर्ण सदस्यहरुले सो आचार संहिताको पालना गर्नु पर्नेछ।

❑